लेखापरीक्षण प्रतिवेदन

लिखु गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

लिखु गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/279

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड १८ लाख ६७ हजार, पर्यटन पूर्वाधार विकास आयोजना कार्यक्रमको रु.२९ लाख ६६ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रमको रु.८ लाख ८२ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ९४ लाख ८० हजार र

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६ लाख ९० हजार समेत गरी रु.११ करोड ५८ लाख ८६ हजार समावेश गरेको छैन । त्यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गाले देखाएको पालिकाको खातामा रहेको धरौटी कारोबार रु.३३ लाख २८ हजार र राजश्व आम्दानी रु.१२ लाख ९ हजार समेत समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.९९ करोड ४३ लाख, ८१ हजार लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ७२ लाख २६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ४ लाख ९४ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. १० लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८३ लाख २५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७४ लाख ३४ हजार र पेस्की बाँकी रु. ४ लाख रहेको छ। गत वर्षसम्म रु.१० करोड १२ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ८५ लाख ९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **लिखु** गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **लिखु** गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७१	१८०	३,७७,२०,६०८	०	३६	४,९३,८३६	०	७१	१४४	३,७२,२६,७७२	१०,६७,४७४	१,७४,३३,९१९	१,८३,२५,३७७	०	०	३,५७,५९,२९६	४,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ओखलढुंगा	१०,१२,८३,०००	०	०	१०,१२,८३,०००	०	३,७२,२६,७७२	१३,८५,०८,७७२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४९	स्थानीय भत्ता	७,८८०
२	२०८०/८१	६०.३	राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता	१४,६९०
३	२०८०/८१	४१	राशन भत्ता	७२,१६८
४	२०८०/८१	४२	महंगी भत्ता	१२,०००
५	२०८०/८१	३९.१ र ३९.२	भ्रमण खर्च	९२,७००
६	२०८०/८१	४५	दोहोरो यातायात सुविधा	१,२०,०००
७	२०८०/८१	५२	दैनिक भ्रमण भत्ता	१७,५००

८	२०८०/८१	५०	थप तलब	२१,२९०
९	२०८०/८१	४३	खर्चको पुष्टयाई	५०,१००
१०	२०८०/८१	५१	अग्रीम कर	८५,५०८
जम्मा				४,९३,८३६

(८०११०५०६३०० - लिखु गाउँपालिका, ओखलढुंगा)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ९, सभा सदस्य ४९, क्षेत्रफल ८८.०३ वर्ग कि.मी. र जनसंख्या १४ हजार ०४९ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१८ देखि २०८१।५।२३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.९९,४३,८१,३९८.२१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५१,३८४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	शिक्षा तर्फ विज्ञान प्रयोगशाला निर्माण तर्फको कर कट्टी रकम रु.९९५५।०० लेखापरीक्षणको क्रममा असुल भई दाखिला भएको ।	९९५५
२	लेखापरीक्षणको क्रममा पोकल बहादुर मगरको कक्षा ८ परिक्षा सञ्चालन कार्यक्रममा खर्च नभएको रकम संघीय सञ्चितकोष फिर्ता रु. ३,०००।०० भएको ।	३०००
३	लेखापरीक्षणको क्रममा वडा कार्यालय सञ्चालन खर्चमा अग्रीम कर तथा पारिश्रमिक कर बापत रु. ३८,४२९।०० असुल गरी बेरुजु दाखिला भएको ।	३८४२९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **प्राप्ति भुक्तानी हिसाबः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम लिखु गाउँपालिका, ओखलढुंगाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ती र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		६,३०,८५,६१६.९२	०	६,३०,८५,६१६.९२
१३०००	अनुदान		३०,९४,२६,८७०.८४	०	३०,९४,२६,८७०.८४
१४०००	अन्य राजस्व		२३,६६,४७१.०१	०	२३,६६,४७१.०१
१५०००	विविध प्राप्ति		४,९२३.००	०	४,९२३.००
क)	कुलजम्मा प्राप्ति		३७,४८,८३,८८१.७७		३७,४८,८३,८८१.७७
	चालु		२४,१४,४६,८०९.५८	०	२४,१४,४६,८०९.५८
२१०००	पारिश्रमिक / सुविधा		५,५६,३५,८७३.३५	०	५,५६,३५,८७३.३५
२२०००	मालसामान तथा सेवाको उपयोग		६,४०,०५,०६८.०२	०	६,४०,०५,०६८.०२
२५०००	सहायता (Subsidy)		८२,८८,८४४.००	०	८२,८८,८४४.००
२६०००	अनुदान		१०,६२,४१,२२१.९१	०	१०,६२,४१,२२१.९१
२७०००	सामाजिक सुरक्षा		६९,२४,३६२.३०	०	६९,२४,३६२.३०
२८०००	अन्य खर्च		३,५१,४४०.००	०	३,५१,४४०.००
	पूंजीगत		१३,१५,४२,९३४.५२	०	१३,१५,४२,९३४.५२
३१११०	भवन तथा संरचना		२,६७,८२,९३७.५९	०	२,६७,८२,९३७.५९
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२९,२८,२१६.९३	०	२९,२८,२१६.९३
३११३०	अन्य पूँजीगत खर्च		१३,८४,२५०.००	०	१३,८४,२५०.००
३११५०	सार्वजनिक निर्माण		९,८७,७७,५३०.००	०	९,८७,७७,५३०.००
३११६०	निर्मित संरचनाकोसुधार खर्च		३,००,०००.००	०	३,००,०००.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०
३१४१०	जग्गा प्राप्ति खर्च		१३,७०,०००.००	०	१३,७०,०००.००
ख)	कुलजम्मा भुक्तानी		३७,२९,८९,७४४.१०		३७,२९,८९,७४४.१०
ग)	बचत /कमी (ग = क-ख)		१८,९४,१३७.६७		१८,९४,१३७.६७

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		८०,९१२.२०		८०,९१२.२०
घ.१)	कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी		१६,८५,६०९.००		१६,८५,६०९.००
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)		१९,७५,०४९.८७		१९,७५,०४९.८७
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१,७४,८६,३०८.१०		१,७४,८६,३०८.१०
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१,९४,६१,३५७.९७		१,९४,६१,३५७.९७

२.२ **फरक हिसाबः** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) बमोजिम बैँक तथा नगद बाँकी रु. १,९४,६१,३५७।९७ पेश गरेकोमा बैँक नगदी किताब (श्रेस्ता) अनुसार रु. १,७३,५६,८७७।९७ बाँकी देखिन्छ । जस अनुसार रु. २१,०४,४८०।०० फरक पर्न गएको देखियो । सो मध्ये रु. १६,८५,६०९।०० दायित्व दाखिला गर्न बाँकी देखिएको छ । फरक रकम रु. ४,१८,८७१।०० सम्बन्धमा चालु खर्च खातामा फिर्ता भएको रकम बढी खर्च देखिएकोले हिसाब यकिन गरी समायोजन गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. १,६६,८९,९९४।६८ मौज्दात रहेकोमा यो वर्ष एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार रु. १,७४,८६,३०८।१० जिम्मेवारी सारेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७,९६,३१३।४२ बढी जिम्मेवारी सारेको देखिन्छ । पालिकाले गत वर्षको फरक जिम्मेवारी सम्बन्धमा सो को पुष्टयाई गरेको पाइएन । यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.४ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९,१८,६७,४६२।९६, पर्यटन पूर्वाधार विकास आयोजना कार्यक्रमको रु. २९,६६,४०१।००, राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रमको रु. ८,८२,४५०।००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,९४,७९,५११।५४ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ६,९०,०००।०० समेत गरी रु. ११,५८,८५,८२५।५० सुत्रमा लेखाङ्कन गरेको छैन । त्यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गाले देखाएको पालिकाको खातामा रहेको धरौटी कारोबार रु. ३३,२८,१९५।१६ र राजश्व आम्दानी रु. १२,०९,१४२।४१ समेत सुत्रमा समावेश भएको छैन । उल्लिखित अवस्थाले पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको छैन । पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा लेखाङ्कन भई प्रतिवेदन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

२.५ **दाखिला गर्न बाँकी दायित्वः** स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको राजश्व समेतको दायित्व रु. १६,८५,६०९।- देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१६,८५,६०९

२.६ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा पालिकाको वैंक नगदी कितावको अन्तिम मौज्दात भन्दा वैंक खातामामा देहायअनुसार रु. ३,२५,९५,४६७।४१ बढी देखिन्छ । उक्त बाँकी रकम मध्ये रु. २,४१,४९,२९९।१६ संघीय सञ्चितकोषमा २०८१।४।९ मा फिर्ता भएको र रु. १६,०६,२०७।०० प्रदेश सञ्चित कोषमा २०८१।४।९ मा फिर्ता भएको छ । त्यस अतिरिक्त रु. ४०,३८,९८५।८५ विभिन्न दायित्व दाखिला बापत २०८१।४।९ मा राष्ट्रिय वाणिज्य बैँकको खातामा ट्रान्सफर भएको पालिकाको खर्च खाताको बैँक स्टेटमेन्टबाट देखियो । अन्तिम मौज्दात फरक देखिएको रकम रु. २८,००,९७५।४० सम्वन्धमा ऐनको व्यवस्था अनुसार बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
ग १.१, आन्तरिक राजस्व खाता	०.००	७८९६४१.९४	७८९६४१.९४
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	७००१०१६.६२	७००१०१६.६२
ग १.३, आन्तरिक अनुदान खाता	०.००	०.००	०.००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	(४१८८७१)	१०१७२०५७.४१	१०५९०९२८.४१
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	१०६८०१३९.८८	१०६८०१३९.८८
ग २.७, विविध खर्च खाता	४७८०७०.९०	४७८०७०.९०	०.००
ग ३.१, स्थानीय तह धरौटी खाता	७१५७१०१.०७	७१५७१०१.०७	०.००
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	८९७०२६१.२६	१२५०४००१.८२	३५३३७४०.५६
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०.००	०.००	०.००
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	११७०३१५.७४	११७०३१५.७४	०.००
जम्मा	**१७३५६८७७.९७**	**४९९५२३४५.३८**	**३२५९५४६७.४१**
फिर्ता रकम			**(२५७५५५०६.१६)**
दायित्व दाखिला			**(४०३८९८५.८५)**
कुल फरक रकम			**२८००९७५.४०**

२.७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको खर्च खाताको रकम आर्थिक वर्षको अन्तमा स्थानीय सञ्चित कोष खातामा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा पालिकाको आन्तरिक राजस्व खातामा रु. ७,८९,६४१।९४ र बाँडफाँडबाट प्राप्त राजस्व खातामा रु. ७०,०१,०१६।६२ मौज्दात रहेकोमा बाँडफाँडबाट प्राप्त राजस्व खातामा भएको रकम २०८१।४।३० मा रु. ७०,०१,०१६।६२ स्थानीय सञ्चित कोषमा स्थानान्तरण गरेको देखियो । आन्तरिक राजस्व खातामा भएको रु. ७,८९,६४१।९४ सञ्चित कोषमा ट्रान्स्फर गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ । साथै पालिकाले तोकिएको समयमा खर्च तथा राजस्व खाताको रकम सञ्चित कोषमा स्थानान्तरण हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२.८ **सुत्रमा समावेश नभएको कोषः** पालिकाको नाममा रहेको नेपाल एसबिआई बैँकको खाता नम्बर ४१५२५२४०६०००१० मा कर्मचारी कल्याण कोष खाता सञ्चालनमा रहेको पाइयो । उक्त खातामा रु. ३,७४,९५४।०४ मौज्दात रहेको देखिन्छ । कर्मचारी कल्याण कोष

तर्फ यस वर्ष कारोबार भएको विवरण पेश हुन आएन । पालिकाले उक्त रकम सुत्र अन्तर्गत विविध कोषमा समावेश गर्नुपर्ने देखिन्छ ।

२.९ **सुत्रमा समावेश नभएको धरौटी कारोवारः** सबै स्थानीय तहका आर्थिक कारोवारहरूको बजेटिङ, लेखांकन र प्रतिवेदन प्रणालीमा सहजता, शीघ्रता र प्रभावकारिता ल्याउने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६।१।१७ मा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लागू गर्ने निर्णय अनुसार कार्यान्वयनमा आएको छ। पालिकाले पेश गरेको सुत्रको धरौटीको आर्थिक विवरण अनुसार गत वर्षको अन्तिम मौज्दात रु. ६२,६२,०४०।६१ रहेकोमा यस वर्षको आम्दानी रु. ८,९५,०६०।४६ उल्लेख गरी अन्तिम मौज्दात रु. ७१,५७,१०१।०७ रहेको देखिन्छ । यस वर्ष धरौटी खातावाट ४ वटा भौचरबाट रु. १३,३३,५६६।७९ धरौटी फिर्ता गरेकोमा सो कारोवार सुत्रमा समावेश भएको देखिदैन। सुत्रवाट प्राप्त आर्थिक विवरणले व्यक्तिगत धरौटी, आम्दानी, फिर्ता तथा सदरस्याहाको यथार्थ परक जानकारी दिएको छैन । धरौटीको सम्पुर्ण कारोवारको यथार्थपरक जानकारी हुने गरी सुत्रको प्रयोग गर्नु पर्दछ । सुत्र बाहिर म्यानुवल तवरमा भएको उक्त कारोबार नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१३,३३,५६७

३ अनुदान फिर्ता

विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु. २,४१,४९,२९९।१६ संघीय सञ्चित कोषमा २०८१।४।९ मा फिर्ता गरेको छ । त्यस्तै प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु. १६,०६,२०७।०० प्रदेश सञ्चित कोषमा मिति २०८१।४।९ मा फिर्ता गरेको छ । पालिकाले खर्च नभई बाँकी रहेको रकम आर्थिक वर्षको समयमा फिर्ता गर्नुपर्दछ ।

४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले छलफलमा जानकारी दिएको छ । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ भौचर तथा फाइल व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्ने उल्लेख छ। यस कार्यलयमा लेखा श्रेस्ता सम्बन्धित कार्यक्रम सञ्चालकको जिम्मामा रहने गरेको पाइयो । साथै लेखा श्रेस्तामा भौचरको क्रम संख्या नमिलेको र सिलसिलेबार रुपमा लेखा राखेको देखिएन । गत वर्ष समेत सोही व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा कार्यालयले यस सम्बन्धि कुनै सुधार गरेको देखिएन । कार्यालयले नियमावलीमा भएको व्यवस्था र लेखाको सर्वमान्य स्वीकृत सिद्धान्त अनुसार कारोबारको लेखा राख्नुपर्दछ।

६ इ.एफ.टि. मार्फत भुक्तानी

आर्थिक वर्ष २०८०।८१ को अन्तर सरकारी वित्तिय हस्तान्तरण कार्यान्वयन सम्बन्धी व्यवस्था र मार्गदर्शनको बुँदा नं. ३८ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न सबै प्रकारका भुक्तानीहरु सोझै बैँक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी गरि अभिलेखांकन गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष उक्त व्यवस्थाको आंशिक मात्र पालना गरेको पाइयो । श्रेस्ता परीक्षण गर्दा पालिकाले गाउँपालिका चालु शिर्षकमा देहायअनुसार विभिन्न भौचर बाट बैँक आदेश मार्फत रु. ३,५७,६०,९५९.३६ भुक्तानी खर्च लेखेको तर सम्बन्धितले भुक्तानी पाएको बैंक आदेश संलग्न नगरेको देखिएको छ। पालिकाले उक्त खर्चको स्वीकृत बैँक आदेश पेश नगरेको अवस्थामा भुक्तानी सम्बन्धितले प्राप्त गरे नगरेको यकिन नहुने हुँदा पालिकाले खर्च यकिन हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्ने व्यबस्था गर्नुपर्दछ ।

क्र.सं.	भौ. न.	मिति	विवरण	चेक नं.	भुक्तानी रकम
१	५	०६/१३/२०८०	त. भ. अनुदान रकमभुक्तानी	२७७६२२६४	२२९६५००.
२	७	०६/१४/२०८०	म. स्वा. से. यातायात खर्च रकम भुकतानी	३२१०३५२६	२४६०००.
३	२२	०६/२३/२०८०	२०८०साउन, भाद्र, अश्विन तथा दसैं खर्च महिनाको तलब तथा पारिश्रमिक रकम भुक्तानी	३२१०३५३४	६४७२९४८.७२
४	२५	०६/२४/२०८०	पदाधिकारीसेवा सुविधा	३२१०३५३६	१५२२१२५.
५	२८	०६/२५/२०८०	करारसेवा शुल्क रकम भुक्तानी	३२१०३५४०	३९१२७९.६८
६	५६	०८/२६/२०८०	कार्तिकमंसिर त. भ. भुक्तानी	३२१०३५७०	२२२३६४७.२२
७	६१	०८/२७/२०८०	कार्तिकमंसिर सेवा	२७	१०४९४००.
८	८१	०९/२४/२०८०	म.स्वा. से. वैठक रकमभुक्तानी	३२१०७४७०	५९,९००.००
९	८८	१०/०४/२०८०	त.भ. अनुदान गा. पा. वा.वि.के. रकर्मचारी अनुदान	३२१०७४७२	१९३४२६०.
१०	११०	१०/२३/२०८०	पौषर माघ महिनाको सेवासुविधा रकम भुक्तानी	३२१०७४७९	१०१९७००.
११	१११	१०/२३/२०८०	कार्तिकमंसिर त.भ. भुक्तानी	३२१०७४८१	१६२८३१५.२१
१२	११८	१०/२८/२०८०	म. स्वा. से. यातायात खर्च रकम भुक्तानी	३२१०७४८३	३०६३००.००
१३	१४८	१२/२१/२०८०	फाल्गुन, चैत्र सेवा सुविधा रकम भुक्तानी	३२१०७४९९	१०१९७००.
१४	१५६	१२/२५/२०८०	त. भ. रकम भुक्तानी	३२१०७५०४	२९७०००.
१५	१५७	१२/२५/२०८०	फाल्गुन, चैत्र त.भ. रकम भुक्तानी	३२१०७५०६	२०९१३५७.७२
१६	१६०	१२/२६/२०८०	माघफाल्गन चैत्र महिनाको बा. वि. के. त.भ. भुक्तानी	३२१०७५०७	१६०८०००.
१७	१७०	०१/०७/२०८१	कार्यक्रमखर्च पेस्की भुक्तानी	३३२३९६३८	८४,१५०.००
१८	१७७	०२/०६/२०८१	त. भ. भुक्तानी चैत्र सम्म	३३२३९६६१	१६३९५७.
१९	१८८	०२/१४/२०८१	कार्यक्रमखर्च रकम भुक्तानी	३३२३९६६४	७०४८८८.
२०	१९२	०२/१७/२०८१	परिक्षातथा भत्ता तथा विवध खर्च रकम भुक्तानी	३३२३९६६७	४५,०५०.००
२१	१९५	०२/१९/२०८१	बैठकभत्ता रकम भुक्तानि	३३२३९६६८	५५,२५०.००
२२	१९९	०२/२२/२०८१	पारिश्रमिकसुविधा रकम भुक्तानी	३३२३९६६९	१०१९७००.
२३	२००	०२/२२/२०८१	बैसाखर जेठ गा. पा. त.भ. भुक्तानी	३३२३९६७०	२२०९०३४.३९
२४	२०१	०२/२२/२०८१	करारसेवा शुल्क रकम भुकतानी	३३२३९६७१	१९११९३९.४८
२५	२०८	०२/२५/२०८१	त. भ. रकम भुकतानी	३३२३९६७७	२३७०००.
२६	२२७	०३/१६/२०८१	फिल्डभत्ता रकम भुक्तानी	३३२३९६९३	४६०१६२.
२७	२२९	०३/१८/२०८१	विउपुँजी समुहलाइ अनुदान रकम भुक्तानी	३३२३९६९६	४५००००.
२८	२३०	०३/१८/२०८१	असारमहिनाको पदाधिकारी सुविध भुक्तानी	३३२३९६९९	५०९८५०.
२९	२३३	०३/१९/२०८१	असारमहिनाको त.भ. भुक्तानी	३३२४४३११	२१०९०११.६७

३०	२३५	०३/२०/२०८१	छुटत. भ. भुक्तानी	३३२४४३१६	२३,६८६.२७
३१	२४३	०३/२३/२०८१	त. भ. भुक्तानी	३३२४४३३५	१०९५८४७.
३२	२५२	०३/२४/२०८१	कार्यक्रमखर्च रकम पेस्की भुक्तानी	३३२४४३४२	५१५०००.
जम्मा					**३५७६०९५९.३६**

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले २०८०।०३।१० मा रु. ४२ करोड ७६ लाखको बजेट सभामा पेश गरेकोमा २०८०।३।२७ मा पारित भई पालिकाको अध्यक्षले २०८०।०४।७ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिमा बजेट स्वीकृत गरि खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्दछ ।

८ **बजेट सिमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारी हरुको ध्यान जानुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । उल्लेखित अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडागत र पालिकास्तरका कुल १५२ योजनामा रु. १५ करोड ४१ लाख २३ हजार विनियोजन गरेको छ । उक्त योजना मध्ये २० योजना कार्यान्वियन नभई कुल १३२ योजनामा रु. १३ करोड १५ लाख ४३ हजार खर्च गरेको छ ।

विनियोजन विवरण	योजना संख्या	रकम रु हजारमा (०००)
१ लाख भन्दा कम	३४	२०१२
१ लाख देखी ५ लाख सम्म	६७	२११९०
५ लाख देखी १० लाख सम्म	२२	१६१३२
१० लाख देखि २० लाख सम्म	१५	२१६३५
२० लाख भन्दा माथी	१४	१३१५४३

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ क्षेत्रगत बजेट तथा खर्चको स्थिती

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

क्र.स	क्षेत्र	बजेट	खर्च	कुल खर्चको प्रतिशत
१	आर्थिक विकास	४५९६६६००.००	४०५५७७६२.६२	१०.८७
२	सामाजिक विकास	२१०४४३०००.००	१९०६७६३५२.२२	५१.१२
३	पूर्वाधार विकास	९९२१३६६४.५९	८१८८६४८८.९३	२१.९५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३९६५०००.००	२१८८२७५.००	०.५९
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	६६७६१५००.००	५७६८०८६५.३३	१५.४७
जम्मा		४२६३४९७६४.५९	३७२९८९७४४.१०	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५१.१२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.५९ प्रतिशत रहेको छ । पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

१२ खर्च विश्लेषण

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१३१५४३	३७२७	१४२०६	२९३५२	८४२५८	६८११७
प्रतिशत	१००	२.८३	१०.८०	२२.३१	६४.०६	५१.७८

पालिकाले रु. १३ करोड १५ लाख ४३ हजार पुँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. ३७ लाख २७ हजार (२.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ४२ लाख ६ हजार (१०.८० प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २ करोड ९३ लाख ५२ हजार (२२.३१ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८ करोड ४२ लाख ५८ हजार (६४.०६ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम

महिना आषाढमा मात्र रु. ६ करोड ८१ लाख १७ हजार (५१.७८ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

खर्च विश्लेषणः पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. २७ लाख ६२ हजार, गत आर्थिक वर्षको मौज्दात रु. ८७ लाख २४ हजार, राजस्व बाँडफाँटबाट रु. ६ करोड २६ लाख ९५ हजार र अनुदानबाट रु. ३० करोड ९४ लाख २७ हजार समेत रु. ३८ करोड ३६ लाख ८ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २४ करोड १४ लाख ४७ हजार र पूँजिगत तर्फ रु. १३ करोड १५ लाख ४३ हजार समेत रु. ३७ करोड २९ लाख ९० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०. ७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.७३ प्रतिशत चालु र ३५.२७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रु. ६२ लाख २ हजार, कर्मचारी पारिश्रमिकमा रु. १ करोड ४९ लाख ३५ हजार, करार कर्मचारी पारिश्रमिकमा रु. १ करोड ५५ लाख, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रु. ६३ लाख ९० हजार, गाउँपालिका अन्तर्गतका शिक्षकको तलब भत्तामा रु. १३ लाख ७३ हजार समेत रु. ४ करोड ४४ लाख तलब भत्ता तथा पारिश्रमिकमा मात्र खर्च गरेको स्थिती छ जुन आन्तरिक आयबाट प्राप्त रकमको १६ गुणा रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१३ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले वडागत रुपमा संचालन गरिने कार्यक्रम उल्लेख नगरी निम्नानुसार शीर्षकमा यो वर्ष रु. १३ लाख ८४ लाख अबण्डा बजेट व्यवस्था गरी पटके निर्णयबाट विभिन्न ४ योजना तथा कार्यक्रममा रकम बाँडफाँड गरेर रु. ६ लाख २५ हजार खर्च गरेको छ । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँड गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

शीर्षक	**बजेट रकम**	**खर्च रकम**
भैपरी पूँजीगत खर्च	१३८४२६४.५९	६२५९३१

१४ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार आर्थिक वर्ष ०८०।८१ का लागि स्वीकृत भएको रु. ३६,१०,४८६।०० बराबरको १७ योजना तथा कार्यक्रमलाई विभिन्न मितिमा कार्यक्रम संसोधन नयाँ १७ योजना तथा कार्यक्रममा रु. ३६,१०,४८६।०० बढाई रकमान्तर गरेको छ । यस अतिरिक्त पालिकाले मिति २०८०।६।२० गते विभिन्न ५ नया कार्यक्रममा रु. ३२,९९,२६४।५९ शुरु बजेटमा थप गरेको पाइयो । यसरी पालिका कुल रु. ६९,०९,७५०।५९ को रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा १.६१ प्रतिशत हुन जान्छ ।

क्र.सं.	शिर्षक	रकमान्तरबाट घटेको	रकमान्तरबाट बढेको
१	चालु	१५५१०८६.००	३५६६०८६.००
२	पूँजिगत	२०५९४००.००	३३४३६६४.५९
जम्मा		३६१०४८६.००	६९०९७५०.५९

योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।

खरिद व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी स्वीकृति र प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

शिक्षातर्फ

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

• स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

भ्रमण खर्च व्यवस्थापन तर्फ

• भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(४) अनुसार भ्रमण आदेशमा आदेश गर्ने पदाधिकारीले अनुसूची १ मा उल्लेखित भ्रमणको स्थान, उद्देश्य, अवधि, भ्रमण गर्ने साधन लगायतका व्यहोरा स्पष्ट उल्लेख गरेको देखिएन,

• भ्रमण पश्चात भ्रमण प्रतिवेदन(म.ले.प. फारम ९०९) मा कार्यालय सम्बन्धी काममात्र उल्लेख गरी स्पष्ट रुपमा भ्रमणको उद्देश्य, सम्पादित मुख्य मुख्य काम, सिकाइ तथा उपलव्धि, सारांश तथा सुझावहरु लगायत उल्लेख गरेको देखिएन,

• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ वमोजिम भ्रमण अभिलेख खाता (म.ले.प. फारम ९०८) र पारिवारिक दैनिक भ्रमण भत्तासम्बन्धी अभिलेख (म.ले.प. फारम ९०६) राखेको देखिएन ।

• पालिकामा हाजिरी व्यवस्थापनका लागि डिजिटल हाजिरी प्रयोग नगरेको, भ्रमण अभिलेख खाता (म.ले.प. फा.नं. ९०८) समेत तयार नगरेको ।

• स्थानीय भत्ता पाउने कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गर्दा प्रदेश कानूनमा उल्लेख भए भन्दा १० प्रतिशत थप दरमा भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• पदाधिकारीहरुलाई आन्तरिक वडा अनुगमन गरेको भ्रमण खर्च समेत भुक्तानी गर्ने गरेको ।

• दोहोरो हुने गरी एकै समय अवधीमा पदाधिकारी तथा कर्मचारीहरुलाई विभिन्न बैठक भत्ता तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी भएको ।

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित नगरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विज्ञापन नियमन गर्ने ऐन,२०७६ र नियमावली, २०८० मा भएको व्यवस्था पालना गरी सुचना प्रकाशन गरेको देखिएन,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट कार्यक्रम, उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

इन्धन तथा मर्मत खर्चतर्फ

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनि सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश अधिकांश स्वीकृत नगराएको, म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

१६ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

१७ **सूचना प्रविधी सञ्चालन**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्युतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तनको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

१८ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयको २०७७।८।७ को परिपत्रमा मिति २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न भनेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेकोले जिन्सीको अवस्था यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वस्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गाधनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरि गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• जिन्सी सामानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने सामानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने सामानहरु समयमै आवश्यक कारवाही गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• वर्ष भरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म Logistic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्धारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

१९ सेवा प्रवाह

पालिकाबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी मलेप फारम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ । कार्यालयको मूख्य उद्धेश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ५३०, नागरिकता सिफारिस ३०८, घरवाटो सिफारिस ३, नाता प्रमाणित २०५, र अन्य १०५५ लगायतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । कार्यालयले उल्लिखित विवरण अनुरुप मलेप फाराम भिडान हुने गरी अभिलेख व्यवस्थापन गरेको देखिएन । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी मलेप फारमको व्यवस्थापन गर्नुपर्दछ ।

२० वित्तिय जोखिम मूल्याङ्कन

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७९।८० मा ६४.५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७९।८० मा ६३.७५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका तथा जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

२१ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ वटा विवाद र यो बर्ष दर्ता भएका ६ विवाद गरी कुल ७ वटा विवाद मध्ये ५ वटा फछ्यौंट भएको र २ वटा विवाद फछ्यौंट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३३ वटा ऐन, १३ वटा नियमावली, २४ वटा कार्यविधि, ६ वटा निर्देशिका तथा ३ वटा नर्म्स लगायत ७९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले नमुना कानूनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवश्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानून वनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

२३ **सहकारी नियमन**

नेपालको संविधानको अनुसूची-८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । यस पालिकाले सहकारी सम्बन्धी ऐन कानून निर्माण गरेको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकामा कुल १५ वटा सहकारी संस्था दर्ता भएकोमा ७ वटा मात्र सहकारी संस्था एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध भएको तथा सो मध्ये कुनै पनि सहकारीले समष्टिगत विवरण भरेको पाइएन । प्राप्त विवरण अनुसार पालिकामा ३ वटा सहकारी संस्थाहरु समस्याग्रस्त रहेकोमा पालिकाले उक्त सहकारीहरुको समस्या तथा गुनासो समाधानार्थ कुनै प्रयास गरेको देखिएन । पालिकाले सहकारी संस्था सम्बन्धि कुनै पनि अनुगमन निरीक्षण तथा छानविन नगरेकोले यस सम्बन्धी थप विश्लेषण गर्न सकिएन । संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको बर्तमान अवस्थामा आएको कार्य सन्चालनको विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्धेशयप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनु पर्दछ ।

२४ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोड १५ लाख ४३ हजार पूँजीगत खर्च/खरिद कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद

योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **वोलपत्र व्यवस्थापन**

पालिकाले गरेको निम्नानुसार ठेक्का व्यवस्थापन गरीखरिद तथा निर्माण कार्यमालागत अनुमानको भन्दा २९.७३ देखि ५९.१२ प्रतिशतसम्म घटिमा सम्झौता भएको छ ।

क्र.सं.	ठेक्का नं.	कामको विवरण	निर्माणव्यवसायीको नाम र ठेगाना	लागत अनुमान	सम्झौता रकम	घटिप्रतिशत
१	१।०८०। ८१ खानेपानी	लिखु गाउँपालिका वडा नं १ र २, ओखलढुगामा खानेपानीको जीआई पाइप बिछ्याउने र बिछ्याउने कार्य	सिमाना निर्माण सेवा प्रा. लि	७७,२२,४८२.१३	५४,२६,७६६.००	२९.७३
२	१।०८०। ८१ भवन	ग्रामोदय युगकवि सिद्धिचरण मावि लिखु ६ ओखलढुंगाको वाँकी आरसीसी संरचना र इटा लगाउने निर्माण	बीपीएन कन्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी शंखमुल १० काठमाडौं	१,१२,५८,६९६.७९	६८,८८,३५७.१०	३८.८२
३	२।०८०। ८१ भवन	वडा नम्बर ३ को कार्यालय भवन निर्माण	पिनाकल इन्जिनियरिङ्ग प्रा.लि. कमेरोटार	१,१६,९०,२०८.७८	७१,१५,०६६.४५	३९.१४
४	३।०८०। ८१ भवन	वडा नम्बर ५ को कार्यालय भवन निर्माण	पिनाकल इन्जिनियरिङ्ग प्रा.लि. कमेरोटार	१,१६,९०,२०८.७८	७१,४३,८७५.४१	३८.८९
५	४।०८०। ८१ भवन	वडा नम्बर ७ को कार्यालय भवन निर्माण	बीपीएन कन्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी शंखमुल १० काठमाडौं	१,१६,९०,२०८.७८	७२,९४,०७२.६४	३७.६१
६	५।०८०। ८१ भवन	वडा नं ३ को कार्यालय भवनको बाँकी काम	पुनादेबी कन्स्ट्रक्सन प्रालि, लिखु ओखलढुंगा	२२,४९,६०७.०३	१४,९६,२८५,६५	३३.४९
७	६।०८०। ८१ भवन	वडा नं ५ को कार्यालय भवनको बाँकी काम	पिनाकल इन्जिनियरिङ्ग प्रा.लि. कमेरोटार	२४,५०,०९६.४९	१६,२७,३३५.९३	३३.५८
८	७।०८०। ८१ भवन	वडा नं ७ को कार्यालय भवनको बाँकी काम	लिखु कन्स्ट्रक्सन, काठमाडौं	२२,७१,३३१.०७	१३,६२,१४७.९३	४०.०३
९	८।०८०। ८१ भवन	ग्रामोदय योगकवि सिद्धिचरण माविको बाँकी काम	पुनादेबी कन्स्ट्रक्सन प्रालि, लिखु ओखलढुंगा	२८,८८,४९९.३५	१८,६७,६२९.४२	३५.३४
१०	१।०८०। ८१ सडक	भञ्ज्याङ माहुर डाँडाको स्तरोन्नति कार्य	हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, मन्थली रामेछाप	८९,१३,३६५.०३	४७,०५,३१०.६०	४७.२१
११	२।०८०। ८१ सडक	राम्चा बाघखोर डाँडा सडकको स्तरोन्नति कार्य	जय कृष्ण बिल्डर्स	८७,३८,९५२	३५,७२,०६८	५९.१२
१२	३।०८०। ८१ सडक	बिचरियाल कुटीडाडा सडकको कालोपत्र सडक र नाली निर्माण	सिंहदेवी जिम्बा जेभी, मन्थली १ रामेछाप	३,६२,०५,९४९.३०	२,०४,१४,६०९.४६	४३.६२
१३	४।०८०। ८१ सडक	राम्चा बाघखोर डाँडाको कालोपत्र सडक निर्माण	जय कृष्ण बिल्डर्स	५३,३४,७१८.१६	२४,५६,३०८.००	५३.९६
१४	५।०८०। ८१ सडक	भञ्ज्याङ माहुर दादाको स्तरोन्नति कार्य	हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, मन्थली रामेछाप	२२५९७७६.३५	१५,८५,०५०	२९.८६
१५	६।०८०। ८१ सडक	बांगेपिपल बसपार्क जोगीदाडा सडक स्तरोन्नती	पुनादेबी कन्स्ट्रक्सन प्रालि, लिखु ओखलढुंगा	२६,२४,९१९.७४	१६,३२,७२३.८०	३७.८०

पालिकाले तयार गरेको लागत अनुमान भन्दा ५९.१२ प्रतिशत घटीसम्ममा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यसरी घटी कवोलमा सम्झौता भएका निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण सम्झौतामा तोकेको तरिकाले भए नभएको वा नर्म्स तथा दररेट नै अधिक भएको सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

२६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले उद्धार राहत तथा पुनर्स्थापन खर्च शिर्षकमा रु. ५ लाख विनियोजन गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ५,००,०००।०० आर्थिक सहायता वितरण गरेको छ जुन पालिकाको कुल आन्तरिक आय रु. २७ लाख ६२ हजार को १८.१० प्रतिशत हुन आउँछ । पालिकाले आर्थिक सहायता वितरण सम्बन्धी कुनै मापदण्ड नबनाई अध्यक्षको तोकआदेश बमोजिम आर्थिक सहायता वितरण गरेको छ । पालिकाले आर्थिक सहायता वितरणको स्पष्ट कार्यविधि तयार गरी तथा आर्थिक सहायता प्राप्त गर्ने हरुको नामावली सार्वजनिक प्रकाशन गरी आर्थिक सहायता वितरण खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रु. १०,८१,७५५।०० खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले सभा सञ्चालनमा रु. ६ लाख बजेट विनियोजन गरी रु. २,६९,४६०।०० खर्च लेखेको छ । पालिकाले विविध खर्च अन्तर्गत खाना खाजाको खर्च लेख्दा के कुन कार्यक्रमा, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परिक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २७ लाख ६२ हजार को ३९.१६ प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

२८ **अनुत्पादक वितरणमुखि खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वियन गर्नुपर्नेमा अनुत्पादक वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्‍याउने तथा पालिकाको आर्थिक व्यभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

भौ नं.	विवरण	रकम
६३-०८०।९।१ र ८५-०८०।१०।२	सिद्वेश्वर महादेव बालाचतुर्दशी महोत्सब, २०८० कार्यक्रम खर्च भुक्तानी	३०००००
विभिन्न भौचरबाट	अध्यक्ष कप भलिवल प्रतियोगिता कार्यक्रम	२३९९७२३
१९३-०८१।२।१७	अन्तराष्ट्रीय नारी दिवश कार्यक्रम	१९००००
१३-०८०।६।१४	तिज बिशेष कार्यक्रम	२०००००
२६६-०८१।३।३१	गर्भवतीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम	३०००००
१२४-०८०।११।६	मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम	३५०००
२३७-०८१।३।२१	दलित सशक्तिकरण कार्यक्रम सामाग्री वितरण	१०००००
२३४-०८१।३।१९	स्काउट कार्यक्रम	४०००००
विभिन्न भौचरबाट	खेलकुद विकास कोष	४०००००
२४७-०८१।३।२४	हिमचूली जनजागरण युवा क्लब भलिबल प्रतियोगिता सहयोग कार्यक्रम	२५०००
५०-०८०।८।२०	डाँडा खर्च युवा क्लब भलिबल प्रतियोगिता सहयोग कार्यक्रम	३५०००
४८-०८०।८।१७	सनराइज युवा क्लब भलिबल प्रतियोगिता सहयोग कार्यक्रम	३००००
१३१-०८०।११।१०	नर्मदेश्वर मन्दिर व्यवस्थापन समितिलाई महायज्ञ सहयोग कार्यक्रम	१५१०००
११७-०८०।१०।२८	पूर्वाञ्चल गन्धर्व साँस्कृती उत्थान समाजलाई साँस्कृतिक कार्यक्रम	२००००
२६०-०८१।३।३१	सनराइज युवा क्लबलाई कार्यक्रम सहयोग	२००००
१५९।०८१।३।२३	प्रकाश केवलवाट १३४०० मिटर विद्युतको तार खरिद गरी ११० जनालाई वितरण	४८५०००
५२।०८०।१०।२४	साबिक सिंहदेवी वडा नं. ६ र ८ लाई ५०० लिटरको ८७ वटा प्लाष्टिक ट्यांकी खरिद तथा वितरण	५०४७७२

२९ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको रु. १,४९,३४,८५४।९९ तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, इन्जिनियर, सहायक पाँचौँ, आन्तरिक लेखापरीक्षक, लगायत विभिन्न ६० पदहरु रिक्त रहेका छन् । रिक्त पद मध्ये पालिकाले विभिन्न कार्यक्रम करार सहित ५० जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरेको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३१ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । गाउँपालिकाको करार कर्मचारी पारिश्रमिकमा मात्र रु. १ करोड ५५ लाख खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रु. २७ लाख ६२ हजार को ५.६१ गुणा रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत गाउँपालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक ल्याब असिस्टेन्ट १, आँखा स्वास्थ्य कार्यकर्ता गरी २ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. ६,७९,८७०/- भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६,७९,८७०

३२ **कर्मचारी कल्याणकोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

३३ **करार कर्मचारी महंगी भत्ता**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ । त्यसैगरी कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १४४ (३) मा अस्थायी तथा करारका कर्मचारीले निजामती कर्मचारीले पाए सरहको पोशाक भत्ता, चाडपर्व खर्च र महंगी भत्ता पाउनेछन भनी उल्लेख गरिएको छ । पालिकाले ऐनको सो व्यवस्थालाई आधारमानी पौष महिना देखी लागु हुने गरी करार तर्फका कर्मचारीहरुलाई महंगी भत्ता वापत यस वर्ष रु. ४,७६,०००/- खर्च भुक्तानी गरेको छ । संघ तथा प्रदेश कानुनमा भएको व्यवस्थामा एकरुपता नदेखिएकोले एकरुपता कायम हुनुपर्दछ ।

३४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै कर्तव्य हुने उल्लेख छ । पालिकाले वडाध्यक्ष घन वहादुर कार्कीलाई दिएको वडा कार्यालय सञ्चालन खर्च पेश्की रकम रु. ४,००,०००।०० आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिएको उक्त पेश्की फस्र्यौट नभएको रु.

पेश्की	४,००,०००

३५ **खर्च वर्गिकरण**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै वडाको

कार्यालय संचालन खर्च शिर्षकमा प्रति वडा रु. ७ लाखका दरले रु. ६३ लाख बजेट विनियोजन गरी रु. ४१,११,०२५।०० खर्च गरेकोमा खर्च रकम एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार प्रविष्टि भए गरेको पाइएन । नमुना छनौट गरी वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद सामग्रीहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजामा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । तसर्थ पालिकाले बजेट विनियोजन, खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ ।

३६ मसलन्द तथा कार्यालय सामाग्री

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रु. १५ लाख बजेट विनियोजन गरी रु. ११,९६,०८८।०० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

३७ इन्धन खर्चको मापदण्ड

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजन इन्ध शिर्षकमा रु. १५ लाख तथा एम्बुलेन्स तथा ब्याक हो लोडर इन्धनमा रु. १० लाख समेत रु. २५ लाख बजेट विनियोजन गरी कार्यालय प्रयोजन तर्फ रु. १२,७५,५९८।०० र एम्बुलेन्स तथा ब्याकहो लोडर तर्फ रु. ८,१०,६१३ समेत कुल रु. २०,८६,२११।०० इन्धन खर्च गरेको छ । पाम्स (PAMS) बाट प्राप्त इन्धन खर्चको विवरण अनुसार देहायका गाडीमा यस वर्ष खपत भएको इन्धनको विवरण उल्लेख गरीएको छ ।

क्र.स.	गाडी नम्बर	इन्धन खपत
१	बा-२-झ-४०९१	३३५२.८६लि. डिजेल
२	बा-प्रदेश-०१-००२-झ-६५३७	४६३६.४०लि. डिजेल
३	प्रदेश-०१-०२-००१-क-४४०८	१०५३३.१५लि. डिजेल

पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । पदाधिकारी तथा कर्मचारीको इन्धनको कोटा निर्धारिण गर्न कार्यसञ्चालन निर्देशिका तयार गरी गरी इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

३८ मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. २७,५२,३८४।०० र मेशिनरी औजार मर्मतमा रु. १,९९,२०९।०० खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम एकिकृत सम्पत्ती व्यवस्थापन प्रणाली मार्फत तयार नगरेको तथा मर्मत तथा संरक्षण अभिलेख खाता प्रयोग गरेको पाइएन

। पालिकले सवारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको रकमको सवारी साधन अनुसार मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापन तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । पालिकाले मर्मत गरेका सामग्रीहरुको जिन्सी अभिलेखाङ्कन समेत गरेको देखिएन । अतः नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

३९ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले पदाधिकारी तथा कर्मचारीहरुलाई वार्षिक अनुगमन तथा भ्रमण खर्चमा रु. १२,१२,९७९।०० खर्च लेखेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

३९.१ (४५-२०८०-८-१२):

सरुवा भ्रमण खर्च

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९.२ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारी तथा पदाधिकारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानीय भत्ता नपाउने व्यवस्था गरेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई निम्नानुसार अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा विभिन्न विषयगत समिति, वडा समितिको बैठकमा उपस्थित भएकै मितिमा समेत अनुगमन तथा भ्रमण खर्च भुक्तानी दिएको पाइयो । पालिकाले थप एकिन गरी यस प्रकृतीको दोहोरो खर्च लेखेको रकम भुक्तानी दिने व्यक्तिलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

पदाधिकारी/कर्मचारीको नाम	**भ्रमण अवधि**	**भ्रमण स्थान**	**भ्रमण खर्च भुक्तानी रकम**	**कैफियत**
उपाध्यक्ष अस्मिता थापा	२०८०।११।७-२०८०।११।१३	पोखरा	१००००	११।१० मा नयायीक समिति बैठकमा उपस्थित भएकोले भुक्तानी दिन नमिल्ने
वडाअध्यक्ष राम कुमार बुढाथोकी	७।१४-७।२० र ७।१९-७।२५	ओखलढुंगा, विराटनगर	२४००	७।१९ र ७।२० मा दोहोरो खर्च लेखेको
वडाअध्यक्ष घन बहादुर कार्की	२०८०।६।११-२०८०।६।१७	ओखलढुंगा	७५००	मिति ६।१२ मा वडा समितिको बैठकमा उपस्थित भएकोले दोहोरो
वडाअध्यक्ष टिका क्याप्छाकी	२०८०।११।२३-२०८०।११।२९	विराटनगर	७५००	मिति ११।२७ मा वडा समितिको बैठकमा उपस्थित भएकोले दोहोरो
वडाअध्यक्ष मोहन कार्की	२०८०।९।१५-२०८०।९।२२	काठमाण्डौ	५८२५	मिति ९।१६ मा वडा समितिको बैठकमा उपस्थित भएकोले दोहोरो
जम्मा			**३३२२५**	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१०,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३३,२२५

४० **थप जरिवाना** (२६७-२०८१-३-३१):

प्रदेश नं १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ मा विभिन्न सेवा शुल्क तथा महशुल तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले गाडी तथा मोटर साईकलको बिमा तथा नविकरण खर्च भुक्तानी गर्न होम कुमार श्रेष्ठको रु. १,२५,०००।०० पेश्की फर्स्यौट गर्दा सवारी साधनको नविकरण तथा कर रकम भुक्तानी गर्दा रु. ५२७५।– थप जरीवाना समेत भुक्तानी गरेको छ । बजेट सुनिश्चित भएको अवस्थामा समेत ढिलाई गरी जरिवाना सहित कर भुक्तानी गर्नाको कारण खुलाई जरीवाना बापतको रकम जिम्मेवार व्यक्तीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,२७५

४१ **राशन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१८,०४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१८,०४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१८,०४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१८,०४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **महंगी भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **खर्चको पुष्टयाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले देहायका कार्यक्रम खर्च भुक्तानी दिएकोमा उक्त खर्च पुष्टयाई गर्ने बिल भरपाई, तथा प्रमाण कागजात लेखापरीक्षणको क्रममा पेश हुन आएन । पालिकाले खर्चको आधार प्रमाण पेश नगरी खर्च लेखेको रकमको पुष्टयाई प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई असुल हुनुपर्ने रु.

भौ नं. र मिति	खर्चको विवरण	भुक्तानी पाउने	कैफियत	पुष्टयाई बेगरको खर्च रकम
११७-०८०।१०।२८	विविध खर्च	प्रदिप कार्की	बिल बिजक पेश नगरी भुक्तानी	५०००
५७-०८०।८।२६	बिमा तथा नविकरण शुल्क	नेको इन्सुरेन्स	बिल बिजक पेश नगरी भुक्तानी	११०६३६
१०३-०८०।१०।१६	बिमा तथा नविकरण शुल्क	नेको इन्सुरेन्स	बिल बिजक पेश नगरी भुक्तानी	७६८८२
२६७-०८१।३।३१	विमा तथा नविकरण शुल्क	होम कुमार श्रेष्ठ	रु. १२५०००।०० को पेश्की फर्स्योटमा खाजा खाना खर्च रु. ६,८५०।०० बिजक पेश भएको	६८५०
२५१-०८१।३।२४	लिङ्स नेपाल श्रोत साझेदारी कार्यक्रम	लिखु इन्ट्रिग्रेटेड डेभलेपमेन्ट सोसाइटी	३०० लिटर खानेपानी ट्याङ्की २० वटा तथा ७०० मिटर २०mmको PN १६ को पाइप खरिद गरेकोमा वितरण भरपाई नरहेको	१०००००
२५३-०८१।३।२४	आमा समुह क्षमता विकास कार्यक्रम	भेषराज कार्की	दराज १, चेयर २०, टेबल १ खरिद गरेकोमा दाखिला वा हस्तान्तरण नभएको	४९५००
२५४-०८१।३।२४	खेलकुद विकास कार्यक्रम	भेषराज कार्की	भलिबल प्रतियोगिता खर्च उल्लेख भएकोमा खाना खाजा रु. ३०,०००।०० र भलबिल खरिद रु.२०,०००।०० को बिल पेश, कार्यक्रम सञ्चालनको कुनै प्रमाण संलग्न नभएको	४९९४६
२६९-०८१।३।३१	इन्धन खर्च पे.फ.	रन्जित रायमाझी	लेखा श्रेस्ता पेश नभएको	५००००
२६८-०८१।३।३१	वडा सञ्चालन खर्च पे.फ.	कल्पना ढुंगेल	वडा समितिको बैठक भत्ता खर्च भुक्तानी गर्दा माइन्युत संलग्न नभएको	७२०००
जम्मा				**५२०८१४**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	५,२०,८१४

४४ **घरभाडा भुक्तानी**

गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) अनुसार पदाधिकारीलाई आवास सुविधा सम्बन्धी व्यवस्था गरेको पाइएन । पालिकाले यो वर्ष घरभाडातर्फ रु. १,७९,४४०।०० खर्च गरेकोमा सोमध्ये उपाध्यक्षको निवासको प्रयोजनको लागी रु. ७९,२००।०० घरधनी यक्ष कुमारी पौडेललाई भुक्तानी गरेको देखियो । सुविधा सम्वन्धी कानुनमा उपाध्यक्षलाई घरभाडा उपलव्ध गराउने प्रावधान समावेश भएको नदेखिएकोले उक्त खर्च असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७९,२००

४५ **दोहोरो यातायात सुविधा**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **पदाधिकारी अनुगमन खर्च**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) अनुसार मासिक सुविधा वापत पालिका अध्यक्षले रु. १००००, उपाध्यक्षले रु. १००००, वडाध्यक्षले रु. ४००० र कार्यपालिका सदस्यले रु. २००० स्थानीय तहमा अनुगमन गरे बापत अनुगमन भत्ता पाउने व्यवस्था रहेको छ । अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा ऐनको व्यवस्था बमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन समावेश नगरी अध्यक्ष, उपाध्यक्ष, ९ वडाअध्यक्ष र ६ कार्यपालिका सदस्य समेत १७ जनालाई अनुगमन भत्ता रु. ८,१६,०००।०० भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था पालना नगरी अनुगमन खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८,१६,०००

४७ **डोर हाजिरीमा भान्से कर्मचारी ज्याला**

कोशी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३(३) अनुसार गाँउपालिकाको हकमा अध्यक्ष र उपाध्यक्षले पालिकाको राजस्व र आन्तरिक आय एबं कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १/१ जना कर्मचारीलाई निजि सचिवको रुपमा राख्न सक्ने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाको आन्तरिक आम्दानी रु. २७ लाख ६२ हजार मात्र भएकोमा पालिका उपाध्यक्षको क्वाटरमा कार्यरत लक्ष्मी खत्रीलाई मासिक रु. १५,०००.०० दिने गरी नियुक्ति गरी वर्षभर रु. १,८०,०००.०० भुक्तानी गरेको देखिन्छ । साथै पालिकाले डोर हाजिरीमा कर्ण बहादुर कार्किलाई कार्यालयको काम गरेको भनी श्रावण देखि असार सम्म दैनिक ८८०.०० का दरले यस वर्ष रु. २,४६,७८४.०० भुक्तानी गरेको छ । पालिकाले कानुन अनुसार पदाधिकारी सुविधामा नभएको, प्रयोजन बेगर डोर हाजिरीमा दरबन्दी वेगर नियुक्ती गरी खर्च लेखेको नियमसम्मत नभएको रु.

अनियमित भएको	४,२६,७८४

४८ **फिल्ड भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६ पारित गरेको र बुँदा नं. ९(१) मा नियमित रुपमा फिल्डमा गएर आयोजनाहरुको कार्यान्वयनमा काम गर्नुपर्ने प्राविधिक कर्मचारीलाई कार्य प्रतिवेदनका आधारमा कार्यपालिका निर्णय अनुसार फिल्ड भत्ता उपलब्ध गराउने तथा बुँदा नं. ९(२) मा फिल्ड भत्ता रकम कन्टिन्जेन्सी बाट खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष देहायका प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता बापत रु. ४,४४,४३२।०० गाउँपालिका चालु अन्तर्गत फिल्ड भत्ता खर्च शिर्षकबाट भुक्तानी गरेको छ । आयोजनाहरुको कन्टिन्जेन्सी बाट खर्च लेख्नुपर्ने फिल्ड भत्ताबापतको रकम चालु शिर्षकमा विनियोजन गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

सि.नं.	कर्मचारीकोनाम	फिल्डभत्ता मासिक दर	कुलभुक्तानी रकम
१	अ.स.ईबाबुराम बुढाथोकी	७०००	५१७९९.९६
२	अ.स.ई विजयराज जोशी	७०००	२३५६६.६६
३	अ.स.ई जयप्रकाश शाह	७०००	९०९९.८२
४	अ.स.ईअर्जुन कुमार आले	७०००	६८८३३.३
५	स.ईउमाशंकर चौधरी	१४०००	११९३५२.८२
६	खा.पा.स.टे.कमल जिरेल	१००००	४३९२७
७	कृषिप्रसार अधिकृत चेतन लामिछाने	९०००	५९५०५.२४
८	ना.प्रा.स.चौथो दिपिका ढुंगेल	५५००	४५६१३.३
९	अ.स.ईप्रकाश कुमार रावत	७०००	६१२५०
१०	सहायक पशुचिकित्सक रोशन पौडेल	९०००	७५९५७
११	ना.प.से.प्रा.राजकुमार कट्टुवाल	५०००	३८१९८.८३
१२	प.स्वा.प्रा.भगवान अधिकारी	५५००	३६३१६.५९
१३	ना.प्रा.स.पाचौँ सन्जु आचार्य	५५००	३२०८२.६
१४	ना.प्रा.स.चौथो सुमन पराजुली	५०००	४१७६१.५१
१५	अ.स.ईसुशिला सापकोटा	७०००	६३१५८.७६
१६	अ.स.ई शिवकुमार राई	७०००	७००००
१७	ना.प्रा.स.चौथो भवानी कुमारी चौधरी	४५००	१८४०१.३८
१८	ना.प्रा.स.चौथो राज कुमार ढकाल	४५००	२०७००
१९	ना.प.से.प्रा.हरि रावल	४५००	१८०००
२०	ना.प.से.प्रा.शोभा गुरुङ	४५००	१६१४८.२३
जम्मा			**९१३६७३**

अनियमित भएको	९,१३,६७३

४९ **स्थानीय भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **७,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **थप तलब**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२१,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **अग्रीम कर**

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानी गरेकोमा नियमानुसार रु. ९०,००४।०० कर कट्टी नगरेको तथा घटी कर कट्टी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

भौ नं. र मिति	खर्च विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	कट्टी गर्नुपर्ने कर	भएको कट्टी	बाँकी कर कट्टी
१५-०८०।६।१५	वडा सञ्चालन खर्च	रेनुका थापा मगर	३०००००	३२०३	०	३२०३

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१२,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२६,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१५,४३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२१,३३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **७,१५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,२०३

५२ **दैनिक भ्रमण भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **पदाधिकारी मार्फत कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) मा कार्यालयले सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नु पर्ने व्यवस्था छ । गाउँ कार्यपालिका तथा गाउँपालिका सभाले कार्यक्रम तथा वजेट पारित गरि गाउँपालिकामा संचालन हुने सम्पूर्ण कार्यक्रमको लागि प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिई कर्मचारी मार्फत कार्यक्रम संचालन गर्नु पर्नेमा पालिकाले वडा कार्यालय सञ्चालन खर्चको पेश्की लिई वा सोधभर्ना लिई पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्ने गरेको पाइयो । त्यस अतिरिक्त पालिकाले बाला चर्तुदर्शी महोत्सव, डि.पि.आर खरिद, सडक सरसफाई लगायतका कार्यक्रममा पालिकाका पदाधिकारीहरुमार्फत आर्थिक कारोबार गरेको पाइयो । अनुगमन तथा नियन्त्रणको भूमिकामा रहनु पर्ने पालिकाका पदाधिकारीलेनै कार्यक्रम सञ्चालन गरी स्वयं भुक्तानीको सिफारिस गरी खर्च भुक्तानी लिएको नियमसम्मत देखिएन ।

५४ **अमानतबाट सिमा भन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा एक लाख रुपैयासम्मको काम एक तह माथिको अधिकारीबाट स्विकृती लिई अमानतबाट कार्य गर्न सकिने व्यवस्था छ । पालिकाले वडा नं. ५ स्थित वडा कार्यालय देखि मजुवा जाने सडक मर्मत गर्ने कार्य गर्न वडाअध्यक्ष मोहन कार्कीबाट अमानत बाट गराई रु. १५९७३३।८३ भुक्तानी गरेको छ । उक्त कार्यको कार्यादेश/आर्थिक अख्तियारी प्राप्त नभएको वडाअध्यक्ष मोहन कार्कीले एक तहमाथिको अधिकारीबाट स्वीकृत बेगर उक्त खर्च गरेको पाइयो । साथै निर्माण कार्यको नापी किताब, लागत अनुमान तथा ठेक्का बिल अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत भएको देखिएन । स्वीकृती बेगर तोकिएको सिमा भन्दा बढीको कार्य अमानतबाट गराई खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,५९,७३४

५५ **सिद्धेश्वर महादेव बालाचर्तुदर्शी महोत्सव कार्यक्रम**

पालिकाले कार्यपालिकाको निर्णय गरी सिद्धेश्वर महादेव बाला चर्तुर्दशी महोत्सव कार्यक्रम सहयोग खर्च बापत रु. ३,००,०००।०० सहायता खर्च लेखेको पाइयो । यस सम्बन्धी परीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार रहेको छ ।

(८५-२०८०-१०-१२):

वडाअध्यक्षलाई भुक्तानी – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (४) मा सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको वैंक खातामा जम्मा हुनेगरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिद्धेश्वर महादेव बाला चर्तुर्दशी महोत्सव कार्यक्रम सहयोग खर्च अन्तर्गत भौ नं. ६३-०८०।९।१ बाट जनजागरण युवा क्लबलाई रु. २,००,०००।०० भुक्तानी दिएको थियो । पालिकाले वडा नं. ६ का वडाअध्यक्ष टिका बहादुर क्यापछाकीलाई सोही कार्यक्रमको सहयोग खर्च रु. १,००,०००।०० भुक्तानी दिएको पाइयो । अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यक्तिले स्वयं भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखिदैन । पालिकाले कार्यपालिका निर्णय बाहेक खर्चलाई प्रमाणित गर्ने कार्यक्रमको प्रस्ताव तथा सम्झौता लगायतका प्रमाण कागजात पेश गरेको देखिएन । प्रमाण कागजात बेगर खर्च गरेको उक्त रकमको सदुपयोग भए नभएको सम्बन्धमा सुनिश्ति हुन सकिएन । एउटै कार्यक्रममा एक गैर सरकारी संस्थालाई भुक्तानी दिसकेको अवस्थामा सोही कार्यक्रममा वडाअध्यक्षलाई भुक्तानी दिएको रकमको सम्बन्धमा पालिकाले यकिन गरी दोहोरो भएमा खर्च फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

५६ **अख्तियार प्राप्त अधिकारीको स्वीकृति बेगर खरिद** (१६६-२०८०-१२-२८):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(३) मा कार्यालयले सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृति गराई खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले कुन्डलेश्वर, भकारेढुंगा, जाल्पा मन्दिरको डि.पि.आर कार्य गरे बापत स्मार्ट की कन्स्लट प्रा.लि. लाई रु. ९९,४००।०० भुक्तानी दिएको छ । उक्त खरिद कार्यको प्रस्ताव आह्वान, सम्झौता आह्वान

तथा कार्यादेश आर्थिक अख्तियारी प्राप्त नभएको वडाअध्यक्ष पुरुषोत्तम पौडेलद्वारा स्वीकृत गरेको पाइयो । पालिकाले उक्त खर्चको मनासिव कारण देखाई स्वीकृती अधिकार प्राप्त अधिकारीबाट स्वीकृती लिएको देखिएन । अतः वडाअध्यक्षद्वारा गरिएको उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९९,४००

५७ **अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम १**

५७.१ पालिकाले अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम सञ्चालन गर्न श्रोत शिक्षक पोकल बहादुर मगरलाई देहायअनुसार विभिन्न शिर्षक तथा भौचर बाट रु. २५,८९,५७६।०० खर्च लेखेको पाइयो ।

भौ.नं.	खर्च शिर्षक	बजेट शिर्षक	खर्च रकम
२४६-०८१।३।२४	गाउँपालिका चालु	अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम	८९८७२९
२४६-०८१।३।२४	गाउँपालिका चालु	स्थानीय पाठ्यक्रम प्रकाशन तथा वितरण	१२७१
२६३-०८१।३।३१	गाउँपालिका चालु	अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम	८९८०००
२१३-०८१।२।३१	गाउँपालिका चालु	अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम	४०१२७१
४१-०८१।३।१९	संघीय सर्शत पूँजीगत	वडा नं.३,५ र ७ कार्यालय भवन निर्माणको कन्टिन्जेन्सी खर्च	२२७०००
४१-०८१।३।१९	संघीय सर्शत पूँजीगत	नमुना विद्यालय विशेष भवन निर्माण तथा पूर्वाधार अनुदानको कन्टिन्जेन्सी खर्च	१३५०००
४१-०८१।३।१९	संघीय सर्शत पूँजीगत	विचारी आहाल गाउँपालिका केन्द्र सडकको कन्टिन्जेन्सी खर्च	२८३०५
जम्मा			**२५८९५७६**

उक्त खर्च मध्ये अध्यक्ष भलिबल प्रतियोगिता कार्यक्रममा रु. २२,०९,२७१।०० र राष्ट्रपती रनिङ शिल्डमा विद्यार्थीहरुलाई जिल्ला लगेको खर्च रु. ३,८०,३०५।०० को बिल भरपाई पेश भएको छ । २०८०।११।३० देखी २०८०।१२।३ सम्म सञ्चालित पुरुष तथा महिला भलिबल प्रतियोगिताको खर्चको बिल भरपाई परीक्षण गर्दा देहाय अनुसार भएको देखियो।

क्र.स.	खर्च विवरण	खर्च रकम
१	पुरस्कार वितरण (पुरुष तर्फ)	३७२०००
२	पुरस्कार वितरण (पुरुष तर्फ)	३७२०००
३	कर्मचारी सहजीकरण भत्ता	८००००
४	समिति बैठक भत्ता	४४०००
५	सहभागी टिम यातायात तथा प्रयाक्टिस खर्च	१३३९९५
६	स्वंयसेवक तथा अफिसियल भत्ता तथा यातायात खर्च	१६८१००
७	खाना खाजा खर्च	४७९२१५
८	कामदार ज्याला तथा चौर व्यवस्थापन खर्च	५९०००
९	सामग्री खरिद	४२९२७१
१०	अन्य विविध खर्च	७१६९०
कुल खर्च		**२२०९२७१**

यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

• पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने दर आधार तथा नर्म्स तयार गरेको पाइएन ।

• पालिकाले यस कार्यक्रममा भएको खर्चको भुक्तानी सम्बन्धित व्यक्ति तथा व्यवसायीको खातामा रकम भुक्तानी दिन मिल्ने कारोवारको समेत कर्मचारीले पेश गरेको टुक्रे विलको आधारमा कर्मचारीलाई रकम भुक्तानी दिएको पाईयो ।

• कार्यक्रममा बैठक भत्ता, पत्रकार भत्ता, प्रहरी भत्ता, स्वयं सेवक भत्ता, खाना खाजा खर्च लगायत खर्च अत्याधिक मात्रामा रहेको ।

• कार्यक्रममा खरिद भएका सामग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन ।

पालिकाले खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । पालिकाको आन्तरिक आय रु. २७ लाख ६२ हजार मध्ये एउटै कार्यक्रममा उक्त आयको ८० प्रतिशत खर्च गरेको पाइयो । पालिकाले यस प्रकृतीको खर्चलाई नियन्त्रण गर्न निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई खर्च मितव्ययी बनाउनुपर्दछ । अन्य थप व्यहोराहरु देहायअनुसार रहेको छ ।

५७.२ **बजेट सुनिश्चितता** – पालिकाले अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन गर्न सभाद्वारा रु. ११,००,०००।०० विनियोजन गरेको देखियो । पालिका खेलकुद विकास समितिको २०८०।११।३ को निर्णयबाट उक्त खेलकुद कार्यक्रम सञ्चालन गर्न रु. २१,००,०००।०० को प्रस्तावना पेश गर्ने निर्णयको आधारमा उक्त प्रस्तावना स्वीकृत गरी मिति २०८०।११।८ मा श्रोत शिक्षक पोकल बहादुर मगरको नाममा रु. ८,९८,०००।०० पेश्की निकासा भएको देखियो । अख्तियार प्राप्त अधिकारीले बजेटको श्रोत सुनिश्चित नभएको अवस्थामा प्रस्तावना स्वीकृत गरेको बजेट सिद्धान्त अनुरुप उपयुक्त देखिएन । खेलकुद समितिले खर्चको बिल भरपाई पेश गरी भुक्तानी माग गरे पश्चात पालिकाले मिति २०८१।२।७ गतेको कार्यपालिकाको निर्णय नं. २ बाट खर्च स्वीकृत गरी विभिन्न ६ वटा कार्यक्रमबाट रु. १३,००,०००।०० रकमान्तर गरी थप रु. ३,८९,५७६।०० कन्टिन्जेन्सी शिर्षकबाट भुक्तानी दिने निर्णय गरेको पाइयो । खेलकुद समितिले खर्चको बिल पेश गरेपछि अन्य कार्यक्रमहरूबाट रकम रकमान्तर गरेर भुक्तानी दिने निर्णय गरिनु बजेट सिद्धान्त विपरीत देखिन्छ । पालिकाले बजेट स्रोत सुनिश्चित गरेर मात्र खर्च स्वीकृति गर्नुपर्दछ ।

५७.३ **असम्बन्धित शिर्षक बाट खर्च** - विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघिय संचित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको रकममध्ये आर्थिक बर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम आर्थिक बर्ष भित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले अध्यक्ष कप खेलकुद कार्यक्रममा संघीय शर्शत अनुदानको देहायका योजनागत कन्टिन्जेन्सीबाट कार्यपालिका निर्णय बमोजिम खर्च गरेको नियमसम्मत देखिएन । सर्शत अनुदानबापत प्राप्त रकमलाई कार्यक्रमसँग असम्बन्धीत शिर्षकमा खर्च गरेको रकम संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

शिर्षक	**बजेट शिर्षक**	**भुक्तानी रकम**
संघीय सर्शत पूँजीगत	वडा नं.३,५ र ७ कार्यालय भवन निर्माणको कन्टिन्जेन्सी खर्च	२२७०००
संघीय सर्शत पूँजीगत	नमुना विद्यालय विशेष भवन निर्माण तथा पूर्वाधार अनुदानको कन्टिन्जेन्सी खर्च	१३५०००
संघीय सर्शत पूँजीगत	विचारी आहाल गाउँपालिका केन्दर सडकको कन्टिन्जेन्सी खर्च	२८३०५
जम्मा		**३९०३०५**

प्रमाण पेश नगरेको	३,९०,३०५

५७.४ **सहभागी दर्ता शुल्क** – पालिकाको खेलकुद विकास समितिको २०८०।११।१५ को निर्णय अनुसार प्रतियोगिता सहभागीको दर्ता शुल्क प्रति टोली रु. १०,०००।०० कायम गरिएको छ । उक्त प्रतियोगितामा महिला तर्फ ४ टिम तथा पुरुष तर्फ १० टिम दर्ता भएकोमा उक्त टोलीहरुबाट दर्ता शुल्क असुली गरेको देखिएन । खेलकुद विकास समितिको निर्णय बमोजिम दर्ता शुल्क रु. १,६०,०००।०० कार्यक्रम सञ्चालकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,६०,०००

५८ **अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम २**

५८.१ **बढी भुक्तानी-** अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन खर्च खेलकुद विकास समितिको २०८०।१२।१६ को निर्णयबाट रु. २१,९९,२७१।०० अनुमोदन भएकोमा उक्त कार्यक्रममा रु. २२,०९,२७१।०० खर्च भुक्तानी भएको देखिन्छ । हरि कार्कीलाई खाना खाजा खर्च रु. १०,०००।०० भुक्तानी भएकोमा उक्त खर्चको बिल भरपाई तथा खर्च अनुमोदन भएको नदेखिएकोले सो बापतको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,०००

५८.२ **कर्मचारी सहजिकरण भत्ता-** अध्यक्ष कप भलिबल प्रतियोगिताको खर्च अन्तर्गत रु. ८०,०००।०० कर्मचारी सहजीकरण भत्ता भुक्तानी गरेको छ । कार्यक्रममा रेफ्रि, स्वयंसेवकलगायतको व्यवस्थापनमा रु. १,६८,१००।०० खर्च लेखेको अवस्थामा कर्मचारीलाई सहजीकरण गर्न कार्यदेश तथा निर्णय भए गरेको पाइएन । निर्णय तथा कार्यादेश बेगर सहजीकरण भत्तामा खर्च लेखेको रकमको प्रमाण कागजात सहित पुष्टयाई हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८०,०००

५८.३ **खाना खाजा खर्च** - अध्यक्ष कप भलिबल प्रतियोगिताको खर्च अन्तर्गत खाना खाजामा रु. ४,७९,२१५।०० खर्च भुक्तानी भएको छ । पालिकाले उक्त खर्चमा खेलाडी, स्वंयसेवक, प्रहरी, आयोजक, अफिसियल, कामदार लगायतका खाना तथा खाजा खर्च समावेश गरेको छ । त्यस अतिरिक्त खेलकुद विकास समितिका संयोजक पशुपति सुनुवारलाई रु. १६,०००।०० खाना खर्च भुक्तानी गरेको छ । सबै खेलाडी, स्वंयसेवक, प्रहरी, आयोजक, अफिसियल, कामदार लगायतका खाना तथा खाजा खर्च भुक्तानी आयोजकले व्यहोरेको अवस्थामा खेलकुद विकास समितिका संयोजक पशुपति सुनुवारलाई थप खाना खाजा खर्च भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१६,०००

५८.४ **सहभागी खर्च-** अध्यक्ष कप भलिबल प्रतियोगिताको खर्च अन्तर्गत रु. १,३३,९९५।०० लिखु गाउँपालिकाको टिम (बि) को प्रशिक्षक खर्च रु. १७,५००।००, यातायात खर्च रु. २२,०००।००, प्रयाक्टिसमा खाना खाजा खर्च रु. ९४,४९५।०० खर्च भुक्तानी दिएको पाइयो । आयोजकले दर्ता शुल्क समेत नबुझाएको सहभागी टोलीको खाना खाजा, यातायात तथा प्रशिक्षक खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,३३,९९५

५९ **अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम ३**

खेलकुद सामग्री प्रयोग- अध्यक्ष कप भलिबल प्रतियोगिताको खर्च खेलकुद सामाग्री खरिद अन्तर्गत रु. ४,२९,२७१।०० खर्च भुक्तानी भएको छ । उक्त कार्यक्रममा खरिद भएको सामाग्रीको जिन्सी दाखिला तथा प्रयोगको अभिलेखांकनन गरेको नदेखिएकोले खर्चको वास्तविकता यकिन हुन सकेन ।

६० **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**

६०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । पालिकाले राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रम सञ्चालन गर्न श्रोत शिक्षक पोकल बहादुर मगरलाई शर्सत तर्फको रु. १ लाख र पालिका चालु अन्तर्गत विभिन्न शिर्षकबाट रु. ७,९६,९६३।०० खर्च लेखेको पाइयो । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

• पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन ।

• पालिकाले यस कार्यक्रममा भएको खर्चको भुक्तानी सम्बन्धित व्यक्ति तथा व्यवसायीको खातामा रकम भुक्तानी दिन मिल्ने कारोवारको समेत कर्मचारीले पेश गरेको टुक्रे विलको आधारमा कर्मचारीलाई रकम भुक्तानी दिएको पाईयो ।

• कार्यक्रममा बैठक भत्ता, पत्रकार भत्ता, प्रहरी भत्ता, स्वयं सेवक भत्ता, स्वास्थ्यकर्मी भत्ता, खाना खाजा खर्च लगायत खर्च अत्याधिक मात्रामा रहेको ।

• कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकिकरण गरेको देखिएन ।

• कार्यक्रममा खरिद भएका सामग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन ।

पालिकाले खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । पालिकाले यस प्रकृतीको खर्चलाई नियन्त्रण गर्न निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई खर्च मितव्ययी बनाउनुपर्दछ । अन्य व्यहोराहरु देहायअनुसार रहेको छ ।

६०.२ **विद्यालयलाई खर्च निकासा**- पालिकाले खेलकुद व्यवस्थापन तथा निर्देशन समितिको निर्णयको आधारमा कार्यक्रममा सहभागि भएवापत ८ वटा विद्यालयलाई सहभागी खर्च वापत रु.२,५०,१७०।०० भुक्तानी दिएको छ। विद्यालयले उक्त रकम खर्च गरेको विवरण पेश गरेको छैन। पालिकाले खेलकुदमा सहभागि विद्यार्थीकोलागि खर्च गर्न अनुदान दिएको रकम सम्बन्धित काममा खर्च गरेको प्रमाणित विल पेश गर्नुपर्ने रु.

क्र.स	**विवरण**	**रकम**
१	च्यूरीडाँडा मा वि	३३३००
२	ज्ञानज्योति मा वि	३१६८०
३	भिमसेनस्थान मा वि	३२४००
४	यसम मा वि	३३७५०
५	ग्रा यु सि मा वि	२६२५०
६	जाल्पा मा वि	३१०५०
७	जनजिवन मा वि	३१०५०
८	लोति मा वि	३०६९०
जम्मा		**२५०१७०**

प्रमाण पेश नगरेको	२,५०,१७०

६०.३ **दैनिक भ्रमण भत्ता**- भ्रमण खर्च नियमावली, २०७७ को नियम ७(८) मा पन्ध्र किलोमिटरभित्र भ्रमण वा काजमा रहँदा दैनिक भ्रमण भत्ता खर्च उपलब्ध गराउन नसकिने उल्लेख छ । पालिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा अनुगमन गरेको भनी देहायका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता बापत रु. २२,४९०।०० भुक्तानी दिएको छ । पालिका केन्द्रबाट नजिकै सञ्चालित उक्त कार्यक्रम स्थल भ्रमण खर्च नियमावलीमा तोकिएको सिमा भन्दा घटी रहेकोले उक्त अवधिको भ्रमण खर्च भुक्तानी दिन मिल्ने देखिएन । भ्रमण खर्च बापत भुक्तानी दिएको रकम कार्यक्रम सञ्चालक समेतलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

कर्मचारीको नाम थर	भ्रमण अवधी	भ्रमण स्थान	भ्रमण खर्च
पोकल मगर	९।१२-९।१६	ग्रा.यु.सी.मा.वि.	३९००
विकास सारु मगर	९।१२-९।१६	ग्रा.यु.सी.मा.वि.	३९००
जम्मा			**७८००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **४,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	७,८००

६१ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाले यस वर्ष आफ्नो मातहतको २२ विद्यालयको स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई कुल शिक्षक पारिश्रमिकमा रु. ८,९०,११,२२८।४८ खर्च गरेको छ । पालिका अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.स	विद्यालयको नाम	दरबन्दी	रिक्त	कार्यरत	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री जन जीवन मा वि	१५	०	१५	३२८	२१.८७
२	श्री लेती मा वि	८	०	८	९६	१२.००
३	श्री जाल्पा मा वि	१५	०	१५	१८६	१२.४०
४	श्री ग्रा यु सि मा वि	२७	१	२६	४०५	१५.५७
५	श्री यसम मा वि	१४	०	१४	२८०	२०.००
६	श्री भिमसेनस्थान मा वि	११	०	११	१३८	१२.५४
७	श्री ज्ञानज्योति मा वि	१०	०	१०	१२६	१२.६०
८	श्री च्यूरीडाँडा मा वि	१०	०	१०	९९	९.९०
९	श्री पोखरी आ वि	३	०	३	१४०	४६.६७
१०	श्री लाम्राङ आ वि	३	०	३	८६	२८.६७
११	श्री ग्रामज्योती आ वि	५	०	५	१२१	२४.२०
१२	श्री ग्रामोन्नती आ वि	५	०	५	७२	१४.४०
१३	श्री बड डाँडा आ वि	६	०	६	११०	१८.३३
१४	श्री पटना देवी आ वि	३	०	३	२८	९.३३
१५	श्री कालिका आ वि	३	०	३	३७	१२.३३
१६	श्री राम्चेग्रामविकास आवि	४	०	४	९२	२३.००
१७	श्री गणेश आ वि	२	०	२	३१	१५.५०
१८	श्री सीद्धमनपुर देवी आ वि	२	०	२	१६	८.००
१९	श्री गोरखनाथ आ वि	२	०	२	२२	११.००
२०	श्री मनकामना आ वि	२	०	२	३०	१५.००
२१	श्री सेती देवी आ वि	२	०	२	१४	७.००

२२	श्री नर्मदेश्वर आ वि	२	०	२	२१	१०.५०
जम्मा		१५४	१	१५३	२४८७	१६.२५

उल्लेखित विवरण अनुसार विद्यालयहरूको औसत शिक्षक-विद्यार्थी अनुपात १६.८६ रहेको छ। स्रोतहरूको पुनर्वितरण वा शिक्षक व्यवस्थापन समायोजन गरेर शैक्षिक गुणस्तर र परिणामहरूमा सुधार गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६२ बालविकास सहजकर्ता

प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार, बालविकास सहजकर्ताले दिनको ४ घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ । प्रत्येक सहजकर्तालाई संघीय सशर्त तर्फ प्रति महिना रू. १०,०००।- का दरले निकासा गरिएको छ । पालिका अन्तर्गतका देहायका विद्यालयमा बालविकास सहजकर्ता तथा विद्यार्थी संख्या देहायनुसार रहेको छ ।

क्र.स	विद्यालयको नाम	बाल विकास सहजकर्ता संख्या	विद्यार्थी संख्या
१	श्री जन जीवन मा वि	२	१६
२	श्री लेती मा वि	१	५
३	श्री जाल्पा मा वि	२	३२
४	श्री ग्रा यु सि मा वि	१	१४
५	श्री यसम मा वि	२	१
६	श्री भिमसेनस्थान मा वि	१	१०
७	श्री ज्ञानज्योति मा वि	३	१२
८	श्री च्यूरीडाँडा मा वि	२	७
९	श्री पोखरी आ वि	०	०
१०	श्री लाम्प्राङ आ वि	१	१५
११	श्री ग्रामज्योती आ वि	२	१८
१२	श्री ग्रामोन्नती आ वि	१	१६
१३	श्री बड डाँडा आ वि	१	८
१४	श्री पटना देवी आ वि	१	५
१५	श्री कालिका आ वि	१	१४
१६	श्री राम्चेग्रामविकास आवि	१	३९
१७	श्री गणेश आ वि	१	८
१८	श्री सीद्धमनपुर देवी आ वि	१	२
१९	श्री गोरखनाथ आ वि	१	१
२०	श्री मनकामना आ वि	१	१०
२१	श्री सेती देवी आ वि	१	६

२२	श्री नर्मदेश्वर आ वि	१	८
जम्मा		२८	२४७

निर्देशिका अनुसार एक कक्षामा २५ जना सम्म बालबालिका वरावर एक सहजकर्ता राख्नुपर्ने प्रावधान भए तापनि धेरै विद्यालयहरूले यो मापदण्डको पालना नगरी २५ भन्दा कम विद्यार्थी भएका कक्षामा पनि एकभन्दा बढी बालविकास सहजकर्ताहरू नियुक्त गरेका छन्, जसकारण सरकारी खर्चमा अनावश्यक भार परेको छ। कतिपय विद्यालयहरूमा बालबालिका भन्दा बढी सहजकर्ताहरू राखेको देखिन्छ। पालिकाले प्रारम्भिक बालविकास सहजकर्ताहरूको संख्या पुनरावलोकन गरी थप व्ययभार घटाउनु पर्दछ ।

६३ विद्यालय अनुगमन

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । पालिकाले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु. ४,५८,२००।००, निशुल्क पाठ्यपुस्तक बापत रु. १५,८७,२२१।८८ र बुक कर्नर स्थापनाको लागि रु. ५,४९,७००।०० समेत गरी कुल रु. २५,९५,१२१।८८ निकासा दिएको छ । अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले निरन्तर अनुगमन मूल्यांकन गर्नुपर्दछ । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायअनुसार छनः

६३.१ **छात्रवृत्ति वितरण** – सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृति अनुदानको सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकलाई विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन प्रमाणित गरी सोका आधारमा छात्रवृत्ति रकम अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले यसम मा.वि. लाई सत्यापन प्रमाणित भएको जम्मा ५७ छात्रा तथा दलित विद्यार्थीको रु. ४००।०० का दरले छात्रवृत्ती बापत निकासा भएकोमा विद्यार्थीलाई वितरण गरेको भरपाई परीक्षण गर्दा ५२ जनालाई मात्र वितरण गरेको प्रमाण पेश भएको छ । निकासा रकम मध्ये ५ जनाको वितरण भरपाई पेश नभएको रु. २,०००।०० सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,०००

६३.२ **स्थानीय विषय पाठ्यपुस्तक निकासा** - सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ अनुसार शिक्षा अधिकारीवाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), प्रमाणित सत्यापन, विद्यार्थीले पुस्तक प्राप्त गरेको भरपाई, खरिद विल भरपाई लगायत भएको सुनिश्चितता गरी निकासा गर्नु पर्दछ । लेखापरीक्षणमा पेश भएको विवरण अनुसार पालिकाले देहायका विद्यालयलाई स्थानीय विषयको पाठ्यपुस्तक खरिद गरी वितरण गरेको देखियो । स्थानीय विषयको पाठ्यपुस्तकको रकम विद्यालयलाई निकासा दिने आधार कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए गरेको पाइएन । अतः पालिकाले शसर्त अनुदानबाट स्थानीय विषय पाठ्यपुस्तकबापत खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

क्र.स	विद्यालयको नाम	स्थानीय विषय पाठ्यपुस्तक निकासा रकम
१	श्री जन जीवन मा वि	३१४९९
२	श्री लेती मा वि	१७८७९
३	श्री जाल्पा मा वि	२१५८२
४	श्री ग्रा यु सि मा वि	४४७७०
५	श्री यसम मा वि	३३३९३
६	श्री भिमसेनस्थान मा वि	२२०६७
७	श्री ज्ञानज्योति मा वि	१८२९६
८	श्री च्यूरीडाँडा मा वि	१०५४५
९	श्री पोखरी आ वि	२१७८६
१०	श्री लाम्राङ आ वि	०
११	श्री ग्रामज्योती आ वि	१८७४९
१२	श्री ग्रामोन्नती आ वि	९६८४
१३	श्री बड डाँडा आ वि	१२९७९
१४	श्री पटना देवी आ वि	०
१५	श्री कालिका आ वि	२९६०
१६	श्री राम्चेग्रामविकास आवि	८१९०
१७	श्री गणेश आ वि	२८१०
१८	श्री सीद्धमनपुर देवी आ वि	०
१९	श्री गोरखनाथ आ वि	१६४०
२०	श्री मनकामना आ वि	२६५०
२१	श्री सेती देवी आ वि	०

२२	श्री नर्मदेश्वर आ वि	१७६०
जम्मा		**२८३२३९**

अनियमित भएको	२,८३,२३९

६४ दिवा खाजा

६४.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.११.१ अनुसार, स्थानीय तहहरूले विद्यालयलाई दिवा खाजा कार्यक्रमका लागि अनुदान उपलब्ध गराउँदा गाउँपालिकाले "दिवा खाजा सञ्चालन कार्यविधि २०७७" अनुसार खाजा व्यवस्थापनको प्रक्रिया मिलाउनुपर्नेछ। स्थानीय तहले खाजा उपलब्ध गराएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्याको यकिन भएपछि मात्र पालिकाले त्रैमासिक रुपमा अनुदान उपलब्ध गराउने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिका मातहतका २२ विद्यालयलाई दिवा खाजा बापत रू. २५,३०,४७६।०० निकासा गरिएको छ । पालिकाले विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण तथा बिल भरपाई पेश गरेको छैन। नमुना छनौटका आधारमा दिवा खाजाको निकासा रकम परीक्षण गर्दा पालिकाले ग्रा. यु. सि. मा. वि. लाई श्रावण देखी असार सम्मको कुल २०३ दिन विद्यार्थी संख्या हाजिरीको विवरण पेश गरी भुक्तानी दिएको पाइयो । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका र मापदण्ड विपरित विद्यालयले विद्यार्थिलाई नगदै वितरण गरेको भरपाईका आधारमा भुक्तानी गरिएको देखियो। यसबाट उपस्थिति भएको दिनको हिसाबले खाजा खुवाइएको भन्ने ठोस आधार देखिएको छैन। कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा सञ्चालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित हुने बिल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायअनुसार रहेको छ ।

६४.२ **बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई दिवा खाजा बापतको रकम निकासा गरेको श्रेस्ता परिक्षण गर्दा शिक्षा अधिकृतले सत्यापन गरेको विद्यार्थी संख्यालाई आधारमानी गणना गर्दा निकासा दिनुपर्ने रकम भन्दा बढी रकम निकासा गरेको छ । बढी दिवा खाजा निकासा दिएको रकम सम्बन्धमा विद्यार्थी संख्या बढेको कारण बढी निकासा भएको पालिकाको भनाई रहेको छ । पालिकाले सत्यापन गरेको विद्यार्थी संख्यालाई आधार मानी गणना गर्दा बढी निकासा भएको रकम सम्बन्धमा पालिकाले यकिन गरी बढी निकासा भएको रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

विद्यालयको नाम	**सत्यापन भएको विद्यार्थी संख्या**	**हुनुपर्ने निकासा**	**निकासा रकम**	**बढी निकासा**
श्री लेती मा वि	३४	९१८००	१०३६०५	११८०५
श्री ग्रा यु सि मा वि	७०	१८९०००	२२४८०५	३५८०५
श्री ग्रामोन्नती आ वि	४५	१२१५००	१२६१२०	४६२०
श्री कालिका आ वि	३७	९९९००	१०१४४५	१५४५
श्री सीद्धमनपुर देवी आ वि	१६	४३२००	६२१३०	१८९३०
जम्मा				**७२७०५**

प्रमाण पेश नगरेको	७२,७०५

६५ **तलब बढी निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायअनुसार विभिन्न विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा गर्दा शिक्षक नियुक्ती मिति/ राजिनामा मितिमा उल्लेख भएको भन्दा बढी तलब भत्ता निकासा गरेको पाइयो । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयलाई जिम्मेवार बनाई असुल गरी संघीयको संचित कोष दाखिला गर्नुपर्ने रु.

विद्यालयको नाम	**शिक्षकको नाम**	**राजीनामा/ नियुक्ती मिति**	**कैफियत**	**बढी निकासा**
जाल्पा मा.वि.	अनिल कुमार कार्की	२०८०।५।५	भाद्रमा ४ दिनको बढी तलब निकासा	४८९७
जन जीवन मा.वि.	रामकुमार श्रेष्ठ	२०८०।१२।२७	चैत्रमा ३ दिनको बढी तलब निकासा	४५६९
यसम मा.वि.	अनुजा कार्की	२०८०।१२।२४	चैत्रमा ३ दिनको बढी तलब निकासा	३४९०
जम्मा				**१२९५६**

असुल गर्नुपर्ने	१२,९५६

६६ **सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.११.१ को बुँदा ५.४ मा सामाजिक परीक्षण गरिएको मति IEMIS मा अद्यावधिक गरि सोही प्रणालीबाट रिपोर्ट कार्ड प्रिन्ट गर्ने गरेका विद्यालयहरूलाई मात्र आर्थिक तथा सामाजिक लेखापरीक्षणको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००.०० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु. २०,०००.०० का दरले निकासा दिन सकिने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन नगरेको अवस्थामा समेत सो क्रियाकलापमा रकम भुक्तानी गरेको पाइयो । कार्यान्वयन मार्गदर्शनमा भएको व्यवस्था पालना नगरी खर्च गरेको उक्त रकम नियमसम्मत नदेखिएकोले विद्यालयले अनुदान रकमबाट तोकिएको कार्य गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	**रकम भुक्तानी**
श्री च्यूरीडाँडा मा वि	१५०००
श्री ग्रा यु सि मा वि	१५०००
जम्मा	**३००००**

प्रमाण पेश नगरेको	३०,०००

६७ **सामुदायिक सिकाई केन्द्र**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं ६.७ मा स्थानीय तहले नियमित रुपमा संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण गरी पुस्तिकामा उल्लेखित मापदण्ड पुरा गरेका सामुदायिक सिकाई केन्द्रहरुलाई एकमुष्ठ रु. २,५०,०००।०० अनुदान उपलव्ध गराउने र केन्द्रले नियमित रुपमा पुस्तिकाम माग भए बमोजिको विवरण स्थानीय तहमा उपलव्ध गराउने र स्थानीय तहले प्रभाबकारी रुपमा संचालनमा रहेको एकिन गरेर मात्र आगामि बर्षकोलागि निकासा सुनिश्चित गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसारका ३ सामुदायिक सिकाई केन्द्रलाई रु. ३,९०,०००।०० तलब भत्ता अनुदान निकासा दिएको छ। निकासा दिनुपुर्व सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण तथा अनुगमन गरेको छैन । सिकाई केन्द्रको अनुगमन तथा निरीक्षण गरी पुस्तिकामा उल्लेखित मापदण्ड पुरा गरेको एकिन गरेर र उदेश्य अनुसार संचालनको सुनिश्चितता गरेर मात्र अनुदान निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सामुदायिक सिकाई केन्द्रको नाम	अनुदान निकासा
टारकेवारी सामुदायिक सिकाई केन्द्र	१३००००
गणेश निधि सामुदायिक सिकाई केन्द्र	१३००००
उज्यालो सामुदायिक सिकाई केन्द्र	१३००००
जम्मा	**३९००००**

६८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ दफा ५ मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षलाई मध्यनजर गरी स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले गत विगतको खपतलाई आधार मानी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको संख्या शिक्षा शाखाबाट माग यकिन गरी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकालाई यस वर्ष स्यानिटरी प्याड खरिद गर्न शर्सत अन्तर्गत रु. ९,२९,०००।०० बजेट निकासा भएकोमा स्यानिटरी प्याड खरिद गरेको पाइएन । पालिकाले स्यानिटरी प्याड खरिद र वितरण प्रक्रियामा सुधार गर्नका लागि विगतको खपतलाई आधार मान्दै, कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको संख्या यकिन गरी प्याडको खरिद प्रक्रिया आर्थिक वर्षको शुरुबाटै सुचारु गरी छात्राहरुको स्वास्थ्यसेवा सम्बन्धी हकको सुनिश्चितता गर्नुपर्दछ।

६९ **शैक्षिक क्षेत्र अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था बमोजिम यस वर्ष रु. ८,४०,९०,२९६।४८ निकासा खर्च भएको छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शिक्षण सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले सोही कार्यक्रम अनुरुप यस वर्ष माध्यमिक विद्यालय शिक्षण सहयोग अनुदानमा रु. ३१,९७,१६६।००, र आधारभुत विद्यालय शिक्षण सहयोग अनुदानमा रु. १७,२३,७६६।०० निकासा खर्च लेखेको छ । त्यस अतिरिक्त पालिकाले देहायका विद्यालयमा कार्यक्रम गाउँपालिकाबाट स्वीकृत गरी शैक्षिक क्षेत्रमा थप रु. १३,७३,४२७।०० अनुदान उपलब्ध गराएको छ जुन पालिकाको आन्तरिक आय रु. २७ लाख ६२ हजारको ५० प्रतिशत हुनजान्छ । प्रत्येक वर्ष यस प्रकृतिका कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धी तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नभई शिक्षण सहयोग अनुदान वितरण गर्ने कार्यमा पुनर्विचार गरी नियन्त्रण गर्नुपर्ने देखियो।

क्र.स	कार्यक्रमको नाम	कैफियत	अनुदान निकासा रकम
१	सामुदायिक परिचालकलाई थप तलब भत्ता अनुदान	३ सामुदायिक सिकाई केन्द्रका परीचालकलाई मासिक रु. २०००।०० थप	६३६६७
२	ज्ञानज्योती मा.बि. आधारभूत तह कम्प्युटर शिक्षकलाई शिक्षण सहायता अनुदान	१ कम्प्युटर शिक्षक नियुक्ती	१३३७६०
३	कोप्चे बाल बिकास केन्द्र शिक्षण सहायता अनुदान	१ बाल विकास सहजकर्ता नियुक्ती	२२८०००
४	पोखरी आ.बि. (बाल बिकास केन्द्र) शिक्षण सहायता अनुदान	१ बाल विकास सहजकर्ता नियुक्ती	२२८०००
५	आधारभूत तह कक्षा (६-८)मा अंग्रेजी, गणित, विज्ञान र सामाजिक बिषयमा शिक्षण सहयोग अनुदान	४ आ.वि. शिक्षक नियुक्ती	७२००००
जम्मा			**१३७३४२७**

७० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ मा बिस लाख रुपैयाँ भन्दा वढीको औषधि खरिद गर्दा सिधै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले उक्त प्रक्रिया वेगर रु.२८,३५,८५१ । का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति आदि उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट तदनुरुप भएको मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

७१ **वाख्रा प्रवर्द्धन/गाई प्रवर्द्धन कार्यक्रम**

पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधी २०८० मा गाई वाख्रा र पशुपालन प्रवर्द्धन कार्यक्रममा मौजुदा पशु सँख्या, दुध तथा मासु विक्रि परिमाणका आधारमा अनुदान प्रदान गरि पशु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने व्यवस्था रहेको छ। कार्यालयले पशु प्रवर्द्धन कार्यक्रम अन्तरगत बाख्रा / गाई प्रवर्द्धन कार्यक्रमको वजेटबाट रु ४२,१०,७०६।–को औषधी खरिद गरेको देखिन्छ। यसरी सर्शत अनुदान कार्यक्रमको कार्यप्रकृति र कार्यविधीको व्यवस्था वमोजिम कामै नगरि अन्य कार्यमा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

गो. भौ.	विवरण	रकम रु
९।२०८०।१२।२८	वाख्रा प्रवर्द्धन कार्यक्रम	३८७९१९
२०।२०८१।३।२०	गाई प्रवर्द्धन कार्यक्रम	१३२०६९०
२१।२०८१।३।२०	गाई प्रवर्द्धन कार्यक्रम	१९०२७४९
२२।२०८१।३।२१	गाई प्रवर्द्धन कार्यक्रम	४८९७२२
२२।२०८१।३।२१	वाख्रा प्रवर्द्धन कार्यक्रम	१०९६२६
जम्मा		४२१०७०६

अनियमित भएको	४२,१०,७०६

७२ **सोझै खरीद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम सार्वजनिक खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित नहुने गरी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.१० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले वर्षान्तमा शर्सत अनुदान कार्यक्रमको उद्धेश्य विपरित पशुजन्य औषधि खरीद गरी मौज्दातमा राखेको देखियो । आवश्यकता समेत विश्लेषण गरेर यस्ता सामानको लागत इस्टिमेट तयार गरी प्रतिस्पर्धात्मक विधिबाट आवश्यकता अनुसार उपयुक्त समयमा खरीद गर्नु पर्नेमा वर्षान्तमा बचत वजेटको व्यवस्थापन गर्ने प्रयोजनका लागि मात्र अनावश्यक र कार्यक्रमको उद्धेश्य विपरित वजेट खर्च गर्ने मात्र उद्धेश्य राखि सोझै खरीद गरी भण्डारण गर्ने कार्य औचित्यपूर्ण देखिदैन।

७३ **मिनिटिलर वितरण**

प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८० मा साना कृषि मेशिनरी औजार वितरण कार्यक्रममा ५० प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ। साना कृषि मेशिनरी औजार वितरण कार्यक्रम सञ्चालनका लागि गाउँपालिका र लिखुखोला एकिकृत समाज नेपाल सँग मिती २०८०।४।१ सम्झौता गरि ९ वडामा प्रत्येक वडाका ३ समूह गरि जम्मा २७ समूहलाई ५० प्रतिशत अनुदानमा प्रत्येक समूहलाई १।१ गरि २७ वटा पावरटिलर वितरण गरेकोमा पावरटिलर खरिद रकम रु १६,२०,०००।– मध्ये कार्यक्रम वजेटबाट रु ८,१०,००००।– भुक्तानी भएको छ। यसरी समूहलाई वितरण गरेको मिनिटिलर समूहले आफ्नो जिन्सीमा आम्दानी जनाई सामूहिक हितमा प्रयोगको विवरण पेश हुनुपर्ने रु.

समुह नाम	सामाग्री	रकम रू
सिँहदेवी कृषक समूह वडा न १	मिनिटिलर ७ एच पि	६००००
भैसेपानी कृषक समूह वडा न १	मिनिटिलर ७ एच पि	६००००
कालिकादेवि कृषक समूह वडा न १	मिनिटिलर ७ एच पि	६००००
फेदि अम्वोटे कृषक समूह वडा न २	मिनिटिलर ७ एच पि	६००००
सुन्तले गैरी कृषक समूह वडा न २	मिनिटिलर ७ एच पि	६००००
सेतीदेवि कृषक समूह वडा न २	मिनिटिलर ७ एच पि	६००००
वाखोर डाडा कृषक समूह वडा न ३	मिनिटिलर ७ एच पि	६००००
वरपिपल चौतारी कृषक समूह वडा न ३	मिनिटिलर ७ एच पि	६००००
भिमसेस्थान कृषक समूह वडा न ३	मिनिटिलर ७ एच पि	६००००
उत्पादनशिल कृषक समूह वडा न ४	मिनिटिलर ७ एच पि	६००००
जामुने कृषक समूह वडा न ४	मिनिटिलर ७ एच पि	६००००
गौरीशँकर कृषक समूह वडा न ४	मिनिटिलर ७ एच पि	६००००
मानेडाडा कृषक समूह वडा न ५	मिनिटिलर ७ एच पि	६००००
नमुना सिर्जनशिल कृषक समूह वडा न ५	मिनिटिलर ७ एच पि	६००००
घुर्विसे उत्साही कृषक समूह वडा न ५	मिनिटिलर ७ एच पि	६००००
आईतवारे कृषक समूह वडा न ६	मिनिटिलर ७ एच पि	६००००
मूलपधेरा कृषक समूह वडा न ६	मिनिटिलर ७ एच पि	६००००
नवोदित विऊ उत्पादन कृषक समूह वडा न ६	मिनिटिलर ७ एच पि	६००००
नमुना कृषक समूह वडा न ७	मिनिटिलर ७ एच पि	६००००
कालिका कृषक समूह वडा न ७	मिनिटिलर ७ एच पि	६००००
लाकुरी डाडा कृषक समूह वडा न ७	मिनिटिलर ७ एच पि	६००००
सिद्पुर्खा कृषक समूह वडा न ८	मिनिटिलर ७ एच पि	६००००
नमुना डाडा खर्क कृषक समूह वडा न ८	मिनिटिलर ७ एच पि	६००००
चुनादेवि कृषक समूह वडा न ८	मिनिटिलर ७ एच पि	६००००
दावेर फेदि कृषक समूह वडा न ९	मिनिटिलर ७ एच पि	६००००
ग्रामिण उत्थान कृषक समूह वडा न ९	मिनिटिलर ७ एच पि	६००००
हरियाली कृषक समूह वडा न ९	मिनिटिलर ७ एच पि	६००००
जम्मा		१६२००००

प्रमाण पेश नगरेको	१६,२०,०००

७४ **सहजीकरण भत्ता**

स्थानीय तह संचालन ऐन, २०७४ तथा प्रदेश स्थानिय पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धि ऐन २०७५ मा स्थानिय निकायका पदाधिकारीहरु स्थानिय निकायद्धारा सञ्चालन गरिने सृजनात्मक ,प्रर्वद्धनात्मक सूचनामूलक गोष्ठी अभिमुखिकरण कार्यक्रममा सम्मानजनक आतिथ्यता तथा सहजिकरण गर्दा भत्ता लिन पाउने व्यवस्था देखिदैन।कार्यालयले सञ्चालन गरेका निम्न कार्यक्रमहरुमा उपस्थित पदाधिकारीहरुले अध्यक्षता तथा सहजिकरण वापत वुझेको अनुगमन भत्ता असूल भई दाखिला हुनुपर्ने रु

गो भौ र मिती/पद नाम	कार्यक्रम विवरण	रकम रु
२२।२०८१।३।२१ अध्यक्ष अशोक कुमार कार्की	पशु खोप कार्यक्रम २०८१।२।२३–२।२९	१००००
१।२०८१।३।२३ अध्यक्ष अशोक कुमार कार्की	राष्ट्रपति महिला सशक्तिकरण परियोजना २०८१।३।३–३।७	६८००
१।२०८१।३।२३ उपाध्यक्ष अस्मिता थापा	राष्ट्रपति महिला सशक्तिकरण परियोजना २०८१।३।३–३।७	६८००
जम्मा		२३६००

असुल गर्नुपर्ने	२३,६००

७५ **विऊ पूँजि अनुदान**

अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमको व्यवस्था वमोजिम बिऊपूँजी सञ्चालन कार्यविधी वेगर गो. भौ. २२९।२०८१।३।१८ बाट वडाका ९ वटा मिलिजूलि समूहलाई ५०००० का दरमा रु ४५००००।– विऊ पूजि प्रदान गरेको देखिन्छ।यसरी प्रदान गरेको विऊ पूँजि परिचालन सम्वन्धमा व्यवस्थित कार्यविधी वनाई कार्यक्रम कार्यान्वियन गर्नुपर्ने देखिन्छ।

७६ **वितरित भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९.५ मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित देहायका रु ७,०५,०००/- को अनुदान कार्यक्रममा वितरण भरपाईमा मिती नखुलेको, लाभग्राही सँख्या किटान नभएको र केहिमा हस्ताक्षर नरहेको समेत पाईयो।साथै सवै भरपाईहरु सादा पानामा तयार गरिएकोमा पालिका वडा र केन्द्रका जिम्मेवार कर्मचारीले वितरण भर्पाई प्रमाणित गरेको समेत पाईएन। वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु वुझाउँदा पहिचान स्पष्ट खुल्ने विलभरपाई तयार गरी सो लाई आधिकारिक व्यक्तिबाट प्रमाणित भई आएपछि मात्र अनुदान रकम भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

गो भौ/मिती	कार्यक्रमको नाम	कार्यक्रम खर्च रु
९।२०८०।८।१८	गहुँको विऊ खरिद वितरण ६८०० के जि	८५०००
८८।२०८१।२।१४	धानको विऊ खरिद वितरण १६०० के जि	१२१०००
१३६।२०८०।१२।४	विषादि खरिद वितरण	४९९०००
जम्मा		७०५०००

७७ **उन्नत विउ (मकै) वितरण**

प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८० मा उन्नत विउ वितरण कार्यक्रमको व्यवस्था वमोजिम कार्यक्रममा ५० प्रतिशत रकम समूहहरुले वुझाई ५० रकम कार्यक्रम वजेट बाट खर्च गर्नुपर्नेमा समूहहरुले ५० प्रतिशत रकम दाखिला गरेको देखिएन। अत: कार्यवधीले तोके वमोजिमको वुझाउनु पर्ने रकम निम्न समूहहरु बाट असूल हुनुपर्ने रु

समूहको नाम	समूह रकम रु
जाल्पादेवि कृषक समूह लिखु ८	७१२५
सिद्पुर्खा कृषक समूह लिखु ८	२०२००
सिर्जनशिल कृषक समूह लिखु ८	३५६२५
जम्मा	६२९५०

असुल गर्नुपर्ने	६२,९५०

७८ राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम

राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रममा गो भौ १।२०८१।३।२३ बाट रु ८८२४५०। खर्च गरेको देखिन्छ।मिती २०८१।३।३ देखि ७ गते सम्म ५ दिने सशक्तिकरण तालिममा २५ जना सहभागी राखि कार्यक्रम गरेको छ।कार्यक्रम सहभागीहरुका लागि कार्यक्रम सामाग्री खरिदमा रु. ३५७१७२, सहभागिका लागि भ्रमण भत्तामा रु. ४७६००।, अन्य कार्यक्रम विविध खर्च रु. २३५२९६।– र विऊपूँजि वितरणमा रु २४२३८२ खर्च गरेको देखिन्छ। उक्त कार्यक्रममा सहाभगी २५ जनालाई प्रति व्यक्ति रु. ९६९५.२५ का दरमा रु. २४२३८२/- विऊपूँजी भनि नगद रकम बाँडेको देखिन्छ। कार्यक्रममा विऊपूँजी रकम दिने समवन्धमा राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि मा कुनै व्यवस्था रहेको देखिदैन।यसरी कार्यक्रम कार्यविधी विपरित सहभागीलाई बाँडेको विऊ पूँजी रकम असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,४२,३८२

७९ संघीय सरकार विशेष अनुदान

दोबाटे मुहान हुँदै वृहत खानेपानी आयोजनाः विशेष अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ३ अनुसारका क्षेत्र र आधारमा दफा ४(३) मा उल्लेखित आयोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकता पुष्ट्याँई, सम्भाव्यता अध्ययन प्रतिवेदन, कुल लागत, प्रतिफल वा लाभ तथा दिगोपन, ड्रइङ्ग, डिजाईन तथा स्पेसिफिकेशन सहितको विस्तृत विवरण लगायत विषय खुलाई अनुसूचि १ को ढाँचामा आयोजना तथा कार्यक्रमको लागि योजना आयोगमा प्रस्ताव पेश गर्नु पर्ने र दफा ५ अनुसारको छनौट समितिले कार्यक्रम तथा आयोजना छनौट गर्नु पर्ने उल्लेख छ । गाउँ कार्यपालिकाले आर्थिक वर्ष २०८०।८१ को वजेट माग गर्दा विस्तृत परियोजना प्रतिवेदन वेगर दोबाटे मुहान हुँदै वृहत खानेपानी आयोजना, लिखु २ र १ को लागि वजेट माग गरेको देखियो । परियोजना प्रतिवेदन तयार नभई कार्यान्वयन गरेकोले पानीको श्रोतको मुहान, पानीको वहाव, गुणस्तरीयता र पर्याप्तता, वजेट सुनिश्चितता, लक्षित सेवाग्राही लगायत विषयमा सुनिश्चित हुने अवस्था रहेको देखिदैन । प्राप्त रु. ७० लाख वजेटवाट ६६०० मिटर ४० एम. एम. को खानेपानी जि.आई. पाइप विछ्याउन कन्टिन्जेन्सी वाहेक रु. ७५,२४,०५६.०३ को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरी सारभुत रुपमा प्रभावग्राही वोलपत्रदाता सिमाना निर्माण सेवा प्रा.लि.सँग २०८१।२।१५ सम्म सम्पन्न गरिसक्ने गरी २०८०।११।२९ मा रु. ५४,२६,७६६.०० को निर्माण सम्झौता गरी रु.५३,५०,३७७.०० भुक्तानी गरेको देखियो । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा रिजर्भवायर र मुख्य ट्याङ्की, वितरण लाईन निर्माण गर्न वजेट प्राप्त भएको जनाएको छ । खानेपानी योजनाको लागि पानीको श्रोतको मुहान, पानीको वहाव, गुणस्तरीयता र पर्याप्तता, वजेट सुनिश्चितता, लक्षित सेवाग्राही लगायत विषयका सम्वन्धमा एकीन भई कार्यान्वयन सुनिश्चित हुनु पर्दछ ।

८० संघीय समपुरक अनुदान

विशेष अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ३ अनुसारका क्षेत्र र आधारमा दफा ४(३) मा उल्लेखित आयोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकता पुष्ट्याँई, सम्भाव्यता अध्ययन प्रतिवेदन, कुल लागत, प्रतिफल वा लाभ तथा दिगोपन, ड्रइङ्ग, डिजाईन तथा स्पेसिफिकेशन सहितको विस्तृत विवरण लगायत विषय खुलाई अनुसूचि १ को ढाँचामा आयोजना तथा कार्यक्रमको लागि योजना आयोगमा प्रस्ताव पेश गर्नु पर्ने र दफा ५ अनुसारको छनौट समितिले कार्यक्रम तथा आयोजना छनौट गर्नु पर्ने उल्लेख छ। त्यस्तै कार्यविधिको दफा ६ अनुसार समितिले छनौट गरेको आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि कुल लागतको

अधिकतम ५० प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ।विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाको संघीय विशेष अनुदान सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

८०.१ संघीय समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ६ अनुसार स्थानीय सञ्चित कोषवाट ५० प्रतिशतसम्म भुक्तानी हुनु पर्नेमा निम्नानुसार योजनामा सम्झौता अनुसार भुक्तानी र कन्टिन्जेन्सीमा कुल रु.४,९२,२२,८२२.०० खर्च भएकोमा सोको ५० प्रतिशत रु.२,४६,११,४११.०० पालिकाको सञ्चितकोषवाट समेत खर्च व्यहोर्नु पर्नेमा रु. २,२६,६४,४८९.०० व्यहोरेकोले रु. १९,४६,९२२.०० घटी लागत व्यहोरेको देखियो। घटी व्यहोरेको रकम स्थानीय सञ्चित कोषवाट संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्ने रु.

क्र.सं.	**कार्यक्रम**	**लागत अनुमान (कन्टिन्जेन्सी समेत)**	**सम्झौता र कन्टिन्जेन्सी खर्च**	**भुक्तानी (भेरियशन समेत)**		**स्थानीय तहको घटी लगानी**
				संघीय	**स्थानीय**	
१	वडा नं. ३, ५ र ७ कार्यालय भवन निर्माण आयोजना (क्रमागत)	४२०९५९९६	२७४६५७८८	१४९२९०१७	१२६६४४८९	११३२२६४
२	विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना (क्रमागत)	३६२०५९४९	२०८४३५८४	११६२९३१६	१००००००००	८१४६५८
जम्मा		**७८३०१९४५**	**४८३०९३७२**	**२६५५८३३३**	**२२६६४४८९**	**१९४६९२२**

प्रमाण पेश नगरेको	१९,४६,९२२

८०.२ **वडा कार्यालय भवनहरु निर्माणः** यस वर्ष पालिकाले क्रमागत रुपमा स्वीकृत ३ वटा वडा नं. ३, ५ र ७ कार्यालय भवन निर्माण आयोजनामा संघ तर्फ रु. १ करोड ५० लाख र स्थानीय तहवाट रु. १ करोड ५० लाख समेत रु. ३ करोड विनियोजन भएकोमा कन्टिन्जेन्सी समेत रु.३,४१,७०,२२२.०६ लागत अनुमान तयार गरी निम्नानुसार ठेक्का व्यवस्थापन गरी गरी संघ तर्फ रु.१,४९,२९,०१७.०० र पालिका तर्फको रु.१,२६,६४,४९९.०० समेत कुल रु.२,७५,९३,५१६.०० खर्च भएको देखियो । पालिकाले पहिलो चरणमा कन्टिन्जेन्सी समेत वजेट भन्दा वढी प्रतिवडा कार्यालय रु.१,१३,९०,०७४.०० को दरले रु.३,४१,७०,२२२.०६ को लागत अनुमान तयार गरी रु.२,३२,३७,६२६.०० खर्च गरेको देखियो । वजेट भन्दा वढी लागत अनुमान तयार गरी सम्पन्न भए पश्चात लागत सहभागिता अनुसार रु.३२,३९,२२१.०० वाँकी रहेको वजेट फिर्ता नगरीवडा कार्यालय घेरावार, गेट, खानेपानी ट्याङ्की तथा वडा कार्यालय फर्निचरको लागि पुनः लागत अनुमान रु. ६७,९२,६८८.०० को कार्य रु. ४२,००,५५२.०० मा सम्झौता गरी यस वर्ष रु. ३२,२२,७९४.०० र रु. ११,३३,०८६.०० को विभिन्न फर्निचर लगायत कार्य कोटेशनवाट गरेको नियमसम्मत देखिएको छैन। त्यस्तै विस्तृत आयोजना प्रतिवेदन अनुसार क्रमागत रुपमा निर्माण भएको वडा कार्यालयको निर्माणको अवस्था खुल्ने एकिकृत नापि किताव तयार गरेको नदेखिएकोले सो समेत तयार गर्नु पर्ने देखिन्छ । वजेट भन्दा वढी लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन पश्चात वाँकी रहेको वजेट कार्यक्रम संसोधन वेगर खर्च गरेको नियमसम्मत नदेखिएको रु.

क्र.सं.	वडा कार्यालय	लागत अनुमान (कन्टिन्जेन्सी समेत)	निर्माण व्यावसायी	सम्झौता रकम	जम्मा	भुक्तानी रकम	
						संघ	स्थानीय तह
				वजेट	**३००००००००**	**१५००००००**	**१५००००००**
१	७	११३९००७४	बि.पि.एन. कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	७२९४०७३	७७२५११७	४३७३२६०	३३५१८५७
२	३	११३९००७४	पिनाकल इन्जिनियर्स प्रा लि	७११५०६६	७४३९९६९	४८६६४७९	२५७३४९०
३	५	११३९००७४	पिनाकल इन्जिनियर्स प्रा लि	७१४३८७५	७४९३४०४	५११०१४२	२३८३२६२
४	३०।०८१।२।१६ र ४१।०८१।३।१९ वाट कन्टिन्जेन्सी			५७९१३६	५७९१३६	५७९१३६	0
		३४१७०२२२	**पहिलो चरणको जम्मा**	२२१३२१५०	**२३२३७६२६**	१४९२९०१७	८३०८६०९
5	३	२१९२०७४	पुनादेबी कन्स्ट्रक्सन प्रा.लि.	**१४६२८६०**	**७१९४८२**	०	७१९४८२
6	५	२३८७३७८	पिनाकल इन्जिनियर्स प्रा लि	**१६२७३६६**	**१३९२९८६**	०	१३९२९८६
7	७	२२१३२३६	लिखु कन्स्ट्रक्सन	**१११०३२६**	**१११०३२६**	०	१११०३२६
8		९३३०८६	कालीदेवी फर्निचर उद्योग	**९३३०८६**	**९३३०८६**	०	९३३०८६
9		२०००००	गुड अटोमोबाईल प्रा.लि.लाई मर्मत लगायत	**२०००००**	**२०००००**	०	२०००००
		७९२५७७४	**दोस्रो चरणको कार्य जम्मा**	**५३३३६३८**	**४३५५८८०**	**०**	**४३५५८८०**
		४२०९५९९६	**कुल**	**२७४६५७८८**	**२७५९३५०६**	**१४९२९०१७**	**१२६६४४८९**

अनियमित भएको	३२,३९,२२१

८१ **प्रदेश समपुरक अनुदान पुँजिगत**

८१.१ **वचत फिर्ता नगरी पुनः ठेक्का व्यवस्थापनः** कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । लागत अनुमान रु. ८७,६७,३४५.०० भएको भन्ज्याङ् माहोरडाँडा सडक निर्माण योजना (वडा नं. ८ र ९) क्रमागत तर्फ निम्नानुसार समानीकरणमा कुल रु. ७२ लाख वजेट विनियोजन गरी पहिलो पटक वोलपत्र आह्वान गरी प्रदेशवाट रु.४६,४३,५८४.०० भुक्तानी गरेकोमा पुनः लागत अनुमान तयार गरी सोही सडकमा रु.१५,७१,६३६.०० पालिकावाट र प्रदेशवाट रु. १,३९,३२२.०० कन्टिन्जेन्सी खर्च भुक्तानी गरेको देखियो । प्रदेश तर्फको विनियोजन भएको रु. ५० लाख मध्ये पहिलो पटक ठेक्का व्यवस्थापन गरी भुक्तानी भएको मध्ये ६५ प्रतिशत प्रदेशवाट खर्च गरी वचत भएको रु. १६,२५,२७३.०० फिर्ता नगरी पुनः ठेक्का व्यवस्थापन गरी वचत भएको रु. ३,५६,२५३.०० मात्र दाखिला भएको देखियो। त्यस्तै लागत अनुमान रु. ८५,८६,१७६.०० को राम्चा बाघखोरडाँडा सडक निर्माण योजना (वडा नं. १) गर्न समपुरक अनुदान तर्फ कुल रु. ७२ लाख वजेट व्यवस्था गरी पहिलो पटक वोलपत्र आह्वान गरी रु. ३५,७२,०६८.०० को सम्झौता मध्ये प्रदेशवाट रु. २५,२३,६१३.०० र स्थानीय तहवाट रु. ३,५६,२५३.०० भुक्तानी भएकोमा कार्यपालिको २०८१।३।२४ को निर्णय अनुसार ३ महिना थप गरेको छ । पहिलो पटक ठेक्का वाट वचत हुने रकमवाट पुनः रु. ३५,३४,७१९.०० को लागत अनुमान तयार गरी रु. २४,५६,३०८.०० सम्झौता भएकोमा रु. २४,७६,३८७.०० स्थानीय तहवाट भुक्तानी गरेको र कन्टिन्जेन्सीवाट रु. ९४,९२०.०० खर्च गरेको देखियो । प्रदेश तर्फ वजेट रु. ५० लाख मध्ये पहिलो पटक ठेक्का व्यवस्थापन गरी वचत रु. २६,१६,४५७.०० फिर्ता नगरी पुनः ठेक्का व्यवस्थापन गरेको देखियो । वजेट अनुसार लागत अनुमान तयार गरी पहिलो पटक वोलपत्र

व्यवस्थापन गरी वचत रकम प्रदेश संचितकोष दाखिला नगरेको भन्ज्याङ्ग माहोरडाँडा सडकको रु. १६,२५,२५३.०० र राम्चा वाघखोर डाँडा सडकको रु. २६,१६,४५७.०० समेत गरी रु. ४२,४१,७३०.०० नियमसम्मत नदेखिएको रु.

क्र.सं.	कार्यक्रमको नाम	लागत अनुमान (कन्टिन्जेन्सी समेत)	सम्झौता पक्ष	सम्झौता रकम	जम्मा	भुक्तानी रकम	
						प्रदेश	स्थानीय तह
क	**भन्ज्याङ् माहोरडाँडा सडक निर्माण योजना (वडा नं. ८ र ९) – क्रमागत वजेट**				**७२०००००**	**५००००००**	**२२०००००**
१	१।०८०।८१ सुरु कार्य	८७६७३४५	हिमालकन्स्ट्रक्सन एण्ड सप्लायर्स	४७०५३११	४६४३५८४	४६४३५८४	०
२	५।०८०।८१ थप कार्य	२२५९७७५	हिमालकन्स्ट्रक्सन एण्ड सप्लायर्स	१५८५०५०	१५७१६३६	०	१५७१६३६
३			कन्टिन्जेन्सी-विभिन्न	१३९३२२	१३९३२२	०	१३९३२२
		११०२७१२०	**जम्मा**	**६४२९६८३**	**६३५४५४२**	**४६४३५८४**	**१७१०९५८**
	पहिलो पटक ठेक्का व्यवस्थापन गरी वचत फिर्ता नगरी रु. ३,५६,३९८.०० मात्र फिर्ता				**१६२५२७२**	**१६२५२७३**	
ख	**राम्चा बाघखोरडाँडा सडक निर्माण योजना (वडा नं. १) -क्रमागत वजेट**				**७२०००००**	**५००००००**	**२२०००००**
	२।०८०।८१ सूरु कार्य	८५८६१७६	जय कृष्ण बिल्डर्स प्रा. लि. निर्माणकार्यको ३ महिना थप	३५७२०६८	२८७९८६६	२५२३६१३	३५६२५३
	४।०८०।८१ थप कार्य	३५३४७१९	जयकृष्ण बिल्डर्स प्रा. लि.	२४५६३०८	२४७६३८७	२४७६३८७	०
			कन्टिन्जेन्सी-विभिन्न	१७९९२०	१७९९२०	०	१७९९२०
		१२१२०८९५	**जम्मा**	**६२०८२९६**	**५५३६१७३**	**५००००००**	**५३६१७३**
	पहिलो पटक ठेक्का व्यवस्थापन गरी वचत फिर्ता नगरी अन्त्यममा वचत नभएको । (रु. ५०००००० मा पहिलो सम्झौता रु. ३५७२०६८ र कन्टिन्जेन्सी रु.९४९२० को ६५ प्रतिशत प्रदेशवाट व्यहोरी फिर्ता नगरेको**)**				**२६१६४५७**	**२६१६४५७**	

अनियमित भएको	४२,४१,७३०

८१.२ **अनुपात रुपमा कट्टी नगरेकोः** प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ८(ख) प्रदेश मन्त्रालयले कुल लागतको अधिकतम ६५ प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । प्रदेश समपुरक तर्फ प्रदेश र स्थानीय तहको कुल वजेट रु. १ करोड ४४ लाख रहेकोमा लागत अनुमान रु. २,३१,४८,०१५.०० भएको निम्न दुई सडक निर्माण आयोजनामा ४ पटक वोलपत्र व्यवस्थापन गरी कन्टिन्जेन्सी रु. २,३४,२४२.०० र निर्माण सम्झौता रु. १,२३,१८,७३७.०० समेत कुल रु. १,२५,५५,९७९.०० रहेकोमा रु. १,१८,०५,७१५.०० भुक्तानी भएको छ । भन्ज्याङ् माहोरडाँडा सडक निर्माण योजना सम्पन्न गर्न लागेको लागत रु. ६२,१५,२२०.०० र कन्टिन्जेन्सी रु. १,३९,३२२.०० समेत रु.६३,५४,५४२.०० को प्रदेशवाट ६५ प्रतिशत रु. ४१,३०,४५२.०० भुक्तानी हुनु पर्नेमा रु. ५,१३,१३२.०० प्रदेशवाट वढी व्यहोरेको र राम्चा बाघखोरडाँडा सडक निर्माण योजना तर्फ पहिलो ठेक्का रु. ३५,७२,०६८.०० को सम्झौता कार्य सम्पन्न हुन वाँकी रहेको र दोस्रो ठेक्का सम्पन्न भएको रु. २४,७६,३८७.०० र कन्टिन्जेन्सी रु. १,७९,९२०.०० समेत रु. ६२,२८,३७५.०० को प्रदेशवाट ६५ प्रतिशत रु. ४०,४८,४४४.०० मात्र व्यहोर्नु पर्नेमा रु. ९,५१,५५६.०० वढी व्यहोरेकोले स्थानीय संचितकोषवाट प्रदेश संचितकोषमा दाखिला हुनु पर्ने रु.

क्र.सं.	कार्यक्रम	लागत अनुमान (कन्टिन्जेन्सी समेत)	सम्झौता र कन्टिन्जेन्सी खर्च	भुक्तानी (भेरियशन समेत)		स्थानीय तहको घटी लगानी
				प्रदेश	स्थानीय	
१	भन्ज्याङ् माहोरडाँडा सडक निर्माण योजना (वडा नं. ८ र ९)	११०२७१२०	६४२९६८३	४६४३५८४	१७१०९५८	५१३१३२
२	राम्चाबाखखोरडाँडा सडक निर्माण योजना (वडा नं. १) (पहिलो ठेक्का रु. ३५,३४,७१९.०० म्याद थप भएको)	१२१२०८९५	६१२३२९६	५००००००	५३६१७३	९५१५५६
जम्मा		**२३१४८०१५**	**१२५५५९७९**	**९६४३५८४**	**२२४७१३१**	**१४६४६८८**

प्रमाण पेश नगरेको	१४,६४,६८८

८२ **विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको नर्म्स भए नर्म्स वमोजिम र नभएको अवस्थामा नर्म्स तयार गरी नेपाल सरकार, मन्त्रीपरिषदवाट स्वीकृत गराई सोही नर्म्सको आधारमा लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । सोही व्यवस्था अनुसार पालिकाले सडक तथा पुल निर्माणको लागत अनुमान तयार गर्दा संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवाट वाट २०७५ मा संसोधित STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS, 2073 मा तोकेको मापदण्डमा रही गर्नु पर्दछ । उक्त मापदण्डको १३१० मा समावेश Close graded premix surfacing/mixed seal surfacing material को मोटाई २० मिलिमिटर हुनु पर्ने उल्लेख छ । कार्य लागत अनुमान कन्टिन्जेन्सी वाहेक रु. ३,५२,६८,३७८.०० भएको विचारी आहाल गाउँपालिका केन्द्र सडक कालोपत्रे र नालीको कार्य गर्न वोलपत्र व्यवस्थापन गरी सारभुतरुपमा प्रभावग्राही सिंहदेवी/जिम्बा जे.भी., रामेछापसँग २०८१।३।१६ सम्म निर्माण सम्पन्न गर्ने गरी २०८०।१२।४ मा रु. २,०४,१४,६०९.४६ को निर्माण सम्झौता भएको देखियो । उक्त सडक निर्माणको लागत अनुमान तयार गर्दा Close graded premix surfacing/mixed seal surfacing material को मोटाई ३० मिलिमिटर हुने गरी लागत अनुमान तयार गरी ठेक्का प्रकृयावाट निर्माण सम्झौता भएकोमा जानकी सिभिल ल्याव सोलुशन प्रा.लि., जनकपुरधाम १४ को परीक्षण प्रतिवेदनमा निर्माण व्यावसायीले उपलव्ध गराएको नमुना अनुसार कोरकटिङ्गको मोटाई औषतमा ३० एमएम रहेको उल्लेख छ । सार्वजनिक निर्माण कार्यमा गुणस्तरीयता, एकरुपता र मितव्ययीता कायम हुने गरी स्विकृत भएको नर्म्स तथा मानदण्ड अनुसार लागत अनुमान तयार गर्नु पर्दछ । उल्लेखित मानदण्ड भन्दा १० एमएम वढी प्रिमिक्स कार्पेटको मोटाई निर्धारण गरेकोले सम्झौता अनुसार सम्पन्न भएको ५६०० वर्ग मिटरको पिचको कार्यको लागत वृद्धि भएको देखिएको रु.

अनियमित भएको	८,९६,०००

८३ **नमुना विद्यालय भवन निर्माण**

कार्यमा दोहोरो नभएको र वाँकी रहेको कार्य सम्वन्धमा एकिन हुन गूरु योजना अनुसार वार्षिक रुपमा सम्पादन भएको कार्य प्रगति खुल्ने गरी विवरण वा एकिकृत नापि किताव तयार गर्नु पर्दछ । पालिकाले नमुना विद्यालय ग्रामोदय युगकवी सिद्विचरण माध्यामिक विद्यालय, गामनाङटारको गूरु योजना अनुसार यस वर्ष सशर्त अनुदान तर्फ रु. १ करोड वजेट प्राप्त गरेकोमा रु. ८६,६३,३७९.०० खर्च गरेको छ । लागत अनुमान रु. १,०९,६९,७२१.८७ भएको विद्यालयको गुरु योजना अनुसारको कार्य गर्न वोलपत्र आह्वान गरी बि.पि.एन. कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.सँग २०८१।१।३१ मा कार्यसम्पन्न गरिसक्ने गरी रु. ६८,८८,३५७.१० को निर्माण सम्झौता भई रु. ७०,२३,७०१.०० निर्माण कार्यमा र रु. १,३९,३६०.०० सुचना प्रकाशन लगायतमा भुक्तानी भएको छ। वोलपत्र आह्वान पश्चात वाँकी रहेको वजेटवाट पुनः प्लास्टर, झ्याल ढोका र रेलिङ्गको कार्य गर्न रु. २८,८४,४९९.३५ को लागत अनुमान तयार गरी २०८१।३।१६ मा सम्पन्न गर्ने गरी २०८१।१।३१ मा पुनादेबी कन्स्ट्रक्सन प्रा.लि.सँग रु. १८,६७,६२९.४२ को

निर्माण सम्झौता गरी आर्थिक वर्षको अन्त्यसम्म रु. १३,६५,३१८.०० भुक्तानी गरेको देखियो । निर्माण कार्यको म्याद कार्यपालिकाको २०८१।३।२४ को निर्णयानुसार ३ महिना थप गरेको देखियो । पालिकाले वार्षिक रुपमा प्राप्त हुने वजेटवाट कार्य गराउने र गूरु योजना अनुसार भएको कार्य खुल्ने विवरण वा एकिकृत नापि किताव तयार गरेको देखिदैन । पालिकाले गूरु योजना अनुसार वार्षिक रुपमा सम्पादन भएको कार्य प्रगति खुल्ने गरी विवरण वा एकिकृत नापि किताव तयार गर्नु पर्दछ ।

८४ त्रुटि सच्याउने दायित्वको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख छ । पालिकाले सञ्चालन गरेका सार्वजनिक निर्माण कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगर्नुका साथै सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटि निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वियन हुनु पर्दछ ।

८५ कार्य स्वीकार तथा सम्पन्न प्रतिवेदन

सार्वजनिकखरिद नियमावली, २०७४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्ने पर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख छ । पालिकाले २०७८।६।५ मा २०७९।९।१५ मा सम्पन्न गरिसक्ने गरी गौरा/बङ्गलामुखी जे.भी., काठमाडौंसँग रु. ७,२३,८२,९९४.६४ को पाँच शैयाको अस्पताल निर्माणको सम्झौता भएको देखियो । निर्माण व्यावसायीवाट समयमा भुक्तानी नभएको पत्राचार र संघीय सरकारवाट समयमा वजेट प्राप्त नभएको उल्लेख गरी कार्यपालिकाको २०८०।२।२६ को निर्णयानुसार २०८०।१२।२० सम्म निर्माण अवधि थप गरेकोमा मूल्य समायोजन सम्झौताको १४.१२ प्रतिशत रु. १,०१,६४,१६३.९९ र छैटौँ तथा अन्तिम रनिङ्ग विल उल्लेख गरी रु. ६,५०,३८,९९२.०० समेत कुल रु. ७,५१,६३,५२३.६४ भुक्तानी गरेकोमा सम्झौतामा समावेश रु. ७३,४४,००३.०० को विभिन्न कार्यहरु नगरेको र नियमानुसार कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । लेखापरीक्षणको क्रममा लागत अनुमान पेश नभएकोले लाभ लागत विश्लेषण गरी अस्पताल भवनमा आवश्यक नहुने कार्य नगराएको भन्ने एकिन हुन सकिएन । अस्पताल सञ्चालन हुने व्यवस्था मिलाई नियमानुसार कार्यसम्पन्न स्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भए नभएको एकिन गरी कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्दछ ।

८६ पाँच शैयाको अस्पताल निर्माण तथा सञ्चालन

पालिकाले भौतिक रुपमा निर्माण भएका सार्वजनिक सेवाका संरचनाको अधितम उपयोग हुनेगरी सेवा प्रवाह गर्नु पर्दछ । पाँच शैयाको अस्पतालको अन्तिम विल भुक्तानी भैसकेको अवस्थामा सञ्चालन सम्वन्धमा कार्यविधि तयार गरेको तथा अस्पताल सञ्चालन भएको देखिदैन । स्वास्थ्य सुविधाको पहुँच वृद्धि गर्नको लागि अस्पताल सञ्चालन सम्वन्धमा आवश्यक कार्यविधि तयार गरी अस्पताल सञ्चालन हुनु पर्दछ । यस सम्वन्धि थप व्यहोरा निम्नानुसार छन ।

८६.१ पाँच शैयाको अस्पताल निर्माण (LRM/NCB/Building/२०७७/७८-०३/ https://bolpatra.gov.np मा अपलोड भएको) को २०७८।३।१ को वोलपत्र आह्वानमा समावेश वोलपत्र सम्वन्धी कागजातको सम्झौताको विशेष शर्तको वूदा नं जि.सि.स. ५३.१ मा “The Contract is not subject to price adjustment” उल्लेख रहेको र २०७८।३।६ मा Addendum No:१को Relevant Cluse No/Name मा GCC 5.1 (PACONSTANT) र Existing clause मा १ र Modified Clause मा केहि उल्लेख नभएकोदेखिन्छ । सुरु सुचनामा समावेश वोलपत्र सम्वन्धि कागजातमा “The Contract is not subject to price adjustment” उल्लेख रहेको र Addendum No:1 मा समेत GCC 5.1 (PACONSTANT) रहेकोले सम्झौता अनुसार मूल्य अभिवृद्धि वापत भुक्तानी गर्न मिल्ने देखिदैन ।

पालिकावाट आह्वान भएको सोही वोलपत्र अनुसार २०७८।६।५ मा २०७९।९।१५ मा सम्पन्न गरिसक्ने गरी रु. ७,२३,८२,९९४.६४ को पाँच शैयाको अस्पताल निर्माणको सम्झौता भएकोमा मूल्य समायोजन वापत मूल्य अभिवृद्धि कर समेत रु. १,०१,६४,१६३.९९ र छैटौं तथा अन्तिम रनिङ्ग विलसम्म रु. ६,५०,३८,९९२.०० समेत कुल रु. ७,५१,६३,५२३.६४ गौरा/बङ्गलामुखी जे.भी., काठमाडौंलाई भुक्तानी गरेको देखियो । उल्लेखित अवस्थाले मुल्य समायोजन भुक्तानी दिन मिल्ने नदेखिएकोले अन्तिम विलसम्म भुक्तानी गरेको असुल गर्नु पर्ने रु.

क्र.सं.	रनिङ्ग विल	मुल्य समायोजन हुने विल रकम	मुल्य समायोजन फ्याक्टर	मूल्य समायोजन रकम
१	IPC-०१	६,०९१,८१२.००	०.०८	४८७,३४४.९६
२	IPC-०२	७,२२६,६५६.२९	०.१३८	९९७,२७८.५७
३	IPC-०३	९,५३८,४१९.२७	०.१५२	१,४४९,८३९.७३
४	IPC-०४	११,९७८,०५९.१०	०.१६	१,९१६,४८९.४६
५	IPC-०५	१७,०१२,७९१.००	०.१८४	३,१३०,३५३.५४
६	IPC-०६	५,५३८,४१०.५९	०.१८३	१,०१३,५२९.१४
			Total Price Adjustment	८,९९४,८३५.३९
			Vat १३%	११६९३२८.६०१
Ratio- ०.१५:०.२०:०.४०:०.२५			Total Price Adjustment	१०,१६४,१६३.९९

प्रमाण पेश नगरेको	१,०१,६४,१६४

८६.२ आन्तरिक लेखापरीक्षण प्रतिवेदनको व्यहोरा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) अनुसार लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्ने उल्लेख छ । अन्तिम लेखापरीक्षण अवधिसम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश निम्नानुसार व्यहोरा कार्यान्वयन गरेको देखिएन ।

क. उपभोक्ता समितिवाट गराएका कार्यक्रमको प्रगति तथा एकिकृत अनुगमन प्रतिवेदन तयार नभएको,

ख. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली, २०७७ को नियम ३९ को उपनियम १३ अनुसार गौरा बङ्गलामुखी जे भि लाई रु ११२०३५५०.८१ निर्माण व्यावसायी कोष कट्टी नगरी भुक्तानी गरेकोमा भुक्तानी वाँकीको विवरण समावेश नगरेको,

ग. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार निर्माण सम्झौता अनुसार भुक्तानी गर्दा कट्टी गरेको धरौटी, अग्रिम कर, मूल्य अभिवृद्धिकर, निर्माण व्यावसायी कोष लगायत भुक्तानी भिडान हुने गरी म.ले.प. फाराम न ५०६ नराखेको।

ऐन अनुसार अन्तिम लेखापरीक्षण अवधिसम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदनको व्यहोरा कार्यान्वयन गरी समग्र आन्तरिक नियन्त्रण प्रणाली सुधार हुनु पर्दछ ।

८७ उपभोक्ता समितिवाट निर्माण खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न

सकिने उल्लेख छ । पालिकावाट स्वीकृत भएको लागत अनुमान र उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेका केही उदाहरणहरु यसप्रकार रहेका छन । पालिकाले हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्यको लागि प्रतिशपर्धात्मक खरिद विधि अवलम्वन गर्नु पर्ने देखिन्छ।

क्र.सं.	आयोजनाको नाम	कामको विवरण	वजेट तथा खर्च	लागत अनुमान	सम्पन्न कार्य	गोश्वारा भौचर नं.	भुक्तानी रकम
१	पोकली झरना पुर्वाधार निर्माण	सडकमास्ट्रक्चरको कार्य र ट्रस निर्माण	१५०००००	१६५१३२४	१६५४१२८	५। ०८१। २।२८	१४३६१५०
२	सुनुवार सांस्कृतिक संग्रालय भवन निर्माण	उपभोक्तासमिति मार्फत भवन निर्माण कार्य गरेको	१५०००००	१६२५०००	१६३३२७४	३। ०८०। १२। ५र ८। ०८१। ३।२१	१४४०२५१
३	च्युरीडाँडापसलटार सडक निर्माण आयोजना, लिखु १	सिल्खुखोला कन्स्ट्रकसनवाट माटो काट्ने कार्यको रु. ५८३२३७ विल पेश गरेको समावेश	५००,०००	५८३२३७	५८३२३७	१३१। ०८१। ३।५	१४४०२५१
४	भैसेपानीभन्ज्याङ्ग होक्से सडक निर्माण आयोजना, लिखु १	सिल्खुखोला कन्स्ट्रकसनको माटो काट्ने कार्यको रु. ५७९१५६।७५ को विल समावेश	५००,०००	५७८६४२	५७९१५६	१४३। ०८१। ३।१८	४८५०००
५	लेतीदोवरफेदी सडक मर्मत आयोजना, लिखु ९	जयकृष्ण विल्डर्स प्रालिको भ्याट समेत रु. ६१७६५२.३५ को विल समावेश	५००,०००	५७३९६८.२	६१७६५२	६६। ०८०। ११। २९	४८५,०००
६	महाकालीदेविथान मन्दिर सडक निर्माण आयोजना , लिखु ५	सिमानानिर्माण सेवा प्रालिको विल समावेश	१,०००,०००	४०२१४३	४०४९५७	८८। ०८०। १२। २५	३३९०००
७	लांम्राङआ.बि. खेलमैदान निर्माण लिखु गापा ९	विभिन्नविल भरपाई	१,०००,०००	१११९२६०	१११९२६०	२०। ०८१। ३।२४	९५३४९९
८	पालिकाकोजग्गा सम्याउने कार्य	सिमानानिर्माण सेवा प्रालिको रु ४४३४०१ को विजक	४००,०००	४४३४०१	४४३४०१	९९। ०८०। १०।७	३९९०६१
जम्मा			६९०००००	६९७६९७५	७०३५०६५		६९७८२१२

८८ जग्गा खरिद

सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ र नियमावली, २०२६ अनुसार हुने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसार विद्यालय र वडा कार्यालयको लागि जग्गा खरिद गरी रु. १५,७०,०००.०० भुक्तानी गरेको देखियो । खरिद गर्दा सुचना

प्रकाशन गरी प्राप्त प्रस्ताव मध्येवाट कार्यपालिकाको निर्णयको आधारमा जग्गा खरिद गरेकोमा निम्नानुसार भुक्तानी गरेको देखियो ।

क्र.सं.	भौचर नं.	विवरण	खर्च
१	७।०८०।६।१४	यसम माविको लागि श्री विष्णु कुमार कार्कीवाट साविक १३० कित्ता नं.को १ रोपनी १३ आना नामसारी मध्ये ५ आना निशुल्क र वाँकी १ रोपनी ८ आनाको प्रतिरोपनी रु. ५,८०,०००.०० को दरले रु. ८,७०,०००.०० भुक्तानी	८७००००
२	१५८।०८१।३।२३	वडा कार्यालयले ७ दिने सुचना प्रकाशन गरी वडा अध्यक्ष श्री तारा बहादुर तामाङ्गले वडा कार्यालयको पार्वति थापावाट साविक कित्ता नं. ६७६ को ४ आना जग्गा रु. ६ लाखमा नामसारी गर्न जादा सोको भु सेवा केन्द्रको रजिष्ट्रेशन सेवा दस्तुर रु. १८ हजार, फोटो कपि लगायत रु. ४ हजार, खाना खाजाको रु. ३० हजार, गाडी भाडा रु. ४० हजार, फिल्ड खर्च रु. ८ हजार खर्च	७०००००
जम्मा			**१५७००००**

८९ विस्तृत परियोजना प्रतिवेदन DPR कार्यान्वयन अवस्था

विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्ः

८९.१ अध्ययन भएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन गर्ने र कार्यान्वयनमा रहेका प्रतिवेदन कार्यान्वयन अवस्था खुल्ने विवरण तयार गर्नु पर्दछ । पालिकाले विगतमा अध्ययन भएका प्रतिवेदनको कार्यान्वयन अवस्था खुल्ने विवरण तयार गरी लेखापरीक्षणमा पेश गरेको छैन । विवरण पेश नभएकोले लेखापरीक्षणवाट विगतमा अध्ययन भएको प्रतिवेदन कार्यान्वयन अवस्था सम्वन्धमा विश्लेषण गर्न सकिएन । पालिकाले अध्ययन भएका प्रतिवेदन कार्यान्वयन खुल्ने विवरण तयार गर्नु पर्दछ ।

८९.२ पालिका रहेको स्थानमा प्रशासकिय भवननिर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न रु. १४ लाख वजेट विनियोजन गरी गुणस्तर र लागत विधि अनुसार गोश्वारा भौचर ९१।०८०।१२।२८ वाट एपि इन्जिनियरिङ्ग डिजाईन सोलुसन प्रा.लि., ललितपुरसँग रु. १३,८४,२५०.०० खर्च गरेको छ । प्रशासकिय भवननिर्माणको विस्तृत अध्ययन प्रतिवेदन कार्यपालिकाको २०८०।१२।२२ को निर्णयानुसार संघसँग वजेट माग गरी कार्यान्वयन गर्ने गरी स्वीकृत भएको देखियो । आवश्यक वजेट प्राप्त गरी विस्तृत अध्ययन प्रतिवेदन कार्यान्वयन हुनु पर्दछ ।

९० सामाजिक सुरक्षा तर्फ वढी निकासा

सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि २०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिती भित्रै गर्ने र परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको सँख्या एकिन गर्नुपर्ने व्यवस्था रहेको छ।परिक्षण गरिएका देहायका वडाका आधारमा वढी खर्च लेखेको देहायको रकम असूल गर्नुपर्ने रु

लाभग्राही	वडा न	मृत्यू विवरण	ना न	त्रैमासिक	जम्मा रकम रु
अम्बर वहादुर वोगटी	१	२०८०।५।२८	४०६।२५८	पहिलो	४०००
गणेश वहादुर खड्का	२	२०८१।२।२५	७२८।४५१२	चौथो	४६६७
साइली भुजेल	३	२०८०।११।२०	३९०।१३३८	तेस्रो र चौथो	२११३३
नेत्र वहादुर खड्का	३	२०८०।१२।२५	नखुलेको	तेस्रो र चौथो	१२६६७
डम्वर वहादुर सार्की	३	२०८०।१२।२१	३४०।१४१७	तेस्रो र चौथो	१३२००
डिल्ली वहादुर मगर	४	२०८०।६।२०	२४०८	पहिलो र दोस्रो	१३३३३
चन्द्र कुमारी खत्री	४	२०८०।८।२७	९०२	दोस्रो	४४००
जित वहादुर श्रेष्ठ	५	२०८०।९।१६	१२९१।१२०५	दोस्रो,तेस्रो र चौथो	२५८६७
षण कृष्ण भट्टराई	६	२०८०।७।१४	४३६४।१३२८	दोस्रो	१०१३३
टेक वहादुर बुढाथोकि	६	२०८०।५।८	२५८।११४४	पहिलो	६९३३
मन माया कामी	८	२०८०।१०।१८	१३३०३२।४९	तेस्रो र चौथो	२१६००
योग हरि पौडेल	८	२०८१।१।१३	४४१।१८०६	चौथो	१०२६७
सुकुमाया तामाङ	९	२०८०।११।१७	१४७१	तेस्रो र चौथो	१७७३३
जम्मा					१६५९३३

असुल गर्नुपर्ने	१,६५,९३३

९१ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

कुल खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३७,२९,८९,७४४.१०	२७,६१,७९४.९४	०.७४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७४ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९२ आय अनुमान तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको आन्तरिक आयको अनुमान तथा असुलीको अवस्था देहायअनुसार छ ।

क्र.सं.	राजस्व शिर्षक	अनुमान	असुली
१	११३१३ - सम्पत्ति कर	५४८९६०	२९५९८३
२	११३१४ - भुमिकर/मालपोत	१२०००००	२१३५५१
३	११३१७ - वहाल कर	१५३२७४	१०४१९३
४	११३१८ - वहाल विटौरी कर	१६८५०	०
५	११४७९ - अन्य मनोरञ्जन कर	५०००	०
६	११६११ - व्यवसायले भुक्तानी गर्ने	०	६०००
७	११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	२००००	३६००
८	११६९१ - अन्य कर	५१९९९५	९७४४७५
९	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१५०००००	३३१००
१०	१४१९१ - पर्यटन शुल्क	५०००	०
११	१४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	८०००००	९११९४
१२	१४२२१ - न्यायिक दस्तूर	५७६०	०
१३	१४२२४ - परीक्षा शुल्क	५९९०४	०
१४	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	३६००	३२४३०
१५	१४२४१ - पार्किङ्ग शुल्क	१०००००	०
१६	१४२४२ - नक्सापास दस्तुर	२००००	०
१७	१४२४३ - सिफारिश दस्तुर	३५८७७६	४५१३४
१८	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	११८३६८	२४००
१९	१४२४५ - नाता प्रमाणित दस्तुर	३२१५६	२१००
२०	१४२४९ - अन्य दस्तुर	२३६९८०	२३४६८
२१	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	३६६०००	७४३५७९
२२	१४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	५०००	०
२३	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	३६२१६	२१७५
२४	१४५२९ - अन्य राजस्व	०	१५५००
२५	१४६११ - व्यवसाय कर	१८५६९३	१६७९९०
२६	१५१११ - बेरूजू	६०००००	४९२३
जम्मा		६८९७५३२	२७६१७९५

पालिकाको गाउँ सभा २०८० ले आन्तरिक श्रोततर्फ रु. ६८ लाख ९७ हजार आय हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. २७,६१,७९४.९४ (४० प्रतिशत मात्र) आय प्राप्त गरेको छ । आन्तरिक आम्दानीका श्रोतहरु लाई पहिचान गरि सबै शिर्षकलाई समावेश गरि वार्षिक लक्ष्य अनुमान गरि आन्तरिक आम्दानी गर्नुपर्दछ । यस सम्बन्धी देखिएका अन्य व्यहोरा देहायअनुसार रहेको छ ।

• पालिकाले मिति २०८१।३।१९ मा भौ.न. २५ बाट नगद आम्दानी भएको तर बैक दाखिला नगरेको रु १,४५,०००।– लेखापरीक्षणको क्रममा बैक दाखिला भएको छ ।नगदमा राजश्व प्राप्त भएको रकम बैँक दाखिला नगरी नगद मौज्दात राख्ने प्रवृत्तीमा सुधार हुनुपर्दछ।

• लेखापरीक्षणको क्रममा बैक मौज्दातमा देखिएको तर SuTRA प्रणालीमा समावेश गरि वार्षिक आयमा समावेश नगरेको रु २,९४,५४०।०८ आम्दानी जनाई आयव्ययमा समावेश गरिएको छ।

९३ SuTRA प्रणाली प्रयोग नगरेको

कार्यालयले यस आ ब मा स्फ्ट टेकको स्फटवेयरबाट रु. २४,५२,४१३।०० को राजश्व कारोवार गरि आर्थिक वर्षको अन्त्यमा SuTRA प्रणालीमा उक्त रकम प्रविष्ट गरि बैक दाखिला गरेको छ ।सवै वडा तथा पालिका कार्यालयले SuTRA प्रणाली मार्फत कारोवार गर्नु पर्दछ ।

९४ स्थानीय सञ्चित कोष ट्रान्सफर नगरेको

आन्तरिक राजश्व सँकलनबाट बैक खातामा प्राप्त रकम आर्थिक वर्ष समाप्त भएपछि स्थानीय सञ्चित कोष ट्रान्सफर गर्नुपर्नेमा यस वर्ष आन्तरिक राजस्व खातामा मौज्दात रु. ७,८९,६४१।९४ देखिएको छ । सञ्चितकोष दाखिला हुनुपर्ने रकम बैँक मौज्दात रहेकोमा सञ्चित कोष ट्रान्सफर गर्नुपर्दछ ।

सोधभर्ना नलिएको

९५ फरक शिर्षकमा दाखिला

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा आय र ब्ययको बर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न राजश्व शिर्षकमा प्राप्त आम्दानी रु. २७,६१,७९४.९४ लाई सम्वन्धित आर्थिक सँकेत भन्दा फरक राजश्व सँकेतमा दाखिला गरेको पाईयो । यसवाट राजश्व आयव्यय विवरणले आम्दानीको यथार्थ अवस्था देखाएको छैन । पालिकाले आर्थिक संकेत र वर्गीकरण, २०७४ अनुसार आय अनुमान तथा असुली गरी राजस्व कारोवार व्यवस्थित गर्नुपर्दछ ।

९६ हेभी ईक्वीपमेन्टको आय स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहलाई एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा सवारी कर, व्यवसाय कर, र बहाल विटौरी शुल्कको दर निर्धारण गरी आय आर्जन गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ । पालिकाले खरिद गरेको एक प्रदेश-०१-०२-००१-क-४४०८ नम्बरको जे.सि.बि. सञ्चालनमा रहेको छ । पालिकाले लगबुक भरेको आधारमा जे.सि.बि. सञ्चालन भएकोमा लगबुकबाट मेसिन कुन योजनामा प्रयोग भएको हो, सो को आदेश कसले दिएको हो सो खुल्न आएन । PAMS मार्फत जे.सि.बि. मेसिनमा यस वर्ष १०,५३३ लिटर डिजल प्रयोग भएको देखियो । पालिकाले लगवुक समावेश गरी ईन्धन खर्च गरेकोमा भौतिक कार्य र लगवुक भिडान हुने गरी निर्माण कार्यको प्राविधिक पुष्ट्याई समावेश भएको देखिएन । पालिकाले यस वर्ष ब्याकहो लोडर मर्मतमा रु. १५,००,२९८।०० खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले जे.सी.बि.चालकलाई प्रति घण्टा रु. ३००।०० का दरले भत्ता र रु. ५० का दरले ग्रीज बापत यस वर्ष कुल रु. २,४३,७१७।०० निजको तलब भत्ता बाहेकको खर्च लेखेको छ । पालिकाको हेभि मेशीनरी सञ्चालन खर्च वृद्धि हुँदै गरेको भएतापनी सो उपकरणबाट भएको आम्दानी र खर्चको स्पष्ट विवरण देखिने गरीको अभिलेख लेखापरीक्षणको क्रममा पेश हुन आएन । तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई सोबाट हुने आयलाई व्यवस्थित गरी राजश्व असुली चुहावट हुन नदिने व्यवस्था गर्नुपर्दछ ।

९७ दाखिला गर्न बाँकी आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहलाई एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा सवारी कर, व्यवसाय कर, र बहाल विरौटी शुल्कको दर निर्धारण गरी आय आर्जन गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले

पेश गरेको जेसीबि सञ्चालन लगबुकको आधारमा यस वर्ष जे.सि.बि. मेसिन सञ्चालन गरी देहायअनुसार रु. २,४२,९५०।०० आय आर्जन दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम जे.सी.बी. सञ्चालकलाई जिम्मेवार बनाई असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

क्र.स.	मिति	घण्टा	दरप्रति घण्टा	जम्मारु	मिसिन चलेको स्थान	हालसम्म भूक्तानी भएको	भुक्तानी बाँकी
१	५।२-५।२२	११७.३	१०००	११७३००	वडा न ८ टारकेरा बारि	२००००	९७३००.०
३	८\३	३	१०००	३०००	वडा न ६ टिका	०	३०००.०
६	१०।१९	२१.५	१०००	२१५००	लक्ष्मन पौडेल	०	२१५००.०
८	१०।२७	९.७	१०००	९७००	रँजित	०	९७००.०
१०	१०।२८	२	१०००	२०००	शंकर तिमलसिना	०	२०००.०
११	११।१	१४	१०००	१४०००	दिपक कटवाल	१४०००	०.०
१६	१२।४	५	१०००	५०००	मोहन कार्कि	०	५०००.०
१७	१२।५	७.७	१०००	७७००	गोकर्ण श्रेष्ठ	०	७७००.०
१८	१२।६	३	१०००	३०००	के बि	३०००	०.०
१९	१२।२७	२७	१०००	२७०००	वडा न ६ टिका	०	२७०००.०
२१	१।२२	४.३	१०००	४३००	गोकर्ण श्रेष्ठ	०	४३००.०
२७	२।२०	१५	१०००	१५०००	पुरषोत्तम पौडेल	०	१५०००.०
२८	२।२५	३	१०००	३०००	बिस्नु कार्कि	०	३०००.०
२९	२।२९	१	१०००	१०००	गोपालखड्का	०	१०००.०
३०	३।७	१.९	१०००	१९००	गोपालखड्का	०	१९००.०
३३	७।१३	१०.५	१५००	१५७५०	वडा नं. ९स्वास्थ्यको घडेरी खारेको	०	१५७५०.०
३४	१।९	३.६	१५००	५४००	बस तानेकोवडा ७	०	५४००.०
३५	१।२१	११.६	१५००	१७४००	वालुवालोडिंग	०	१७४००.०
३६	१।२२	४.	१५००	६०००	टारकेरावारी जाली फाउन्डेसन खनेको	०	६०००.०
जम्मा							**२४२९५०.००**

असुल गर्नुपर्ने	२,४२,९५०

९८ **एम्बुलेन्स सञ्चालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहलाई एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा सवारी कर, व्यवसाय कर, र बहाल विरौटी शुल्कको दर निर्धारण गरी आय आर्जन गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो नाममा रहेको एम्बुलेन्सको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ । पालिकाले एम्बुलेन्स सञ्चालनका लागि कुनै स्पष्ट कार्ययोजना वा निर्देशन बनाएको छैन, र आर्थिक ऐनमा एम्बुलेन्स भाडा दर तथा छुट तोकिएको छैन । पालिकाले यस वर्ष एम्बुलेन्स सञ्चालन गर्न इन्धन, मर्मत, चालक अन्य भत्ता लगायतमा एम्बुलेन्स चालक अनोज काफ्लेलाई रु. १०,८३,७३५।०० खर्च भुक्तानी दिएकोमा एम्बुलेन्सबाट भएको आम्दानी र खर्चको स्पष्ट विवरण देखिने गरी खर्चको अभिलेख लेखापरीक्षणको क्रममा पेश हुन आएन । तसर्थ एम्बुलेन्स सञ्चालनलाई प्रभावकारी बनाउन कार्ययोजना बनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : लिखु गाउँपालिका, ओखलढुंगा , लिखु गाउँपालिका , ओखलढुङ्गा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	लिलाराज श्रेष्ठ	२०८०-४-१	२०८१-१-२३
कार्यालय प्रमुख	अर्जुन कुमार राउत	२०८१-१-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	बलराम फुयल	२०८०-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,५११,२१०	१७,४३३,९१९	१८,३७५,४७७	०	०	४००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३७,७२०,६०६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४९३,८३६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३७,२२६,७७०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७४८६३०८.१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८०४९३०७७.८४	चालु खर्च	२४१४४६८०९.५८
प्रदेश सरकारबाट अनुदान	२८९३३७९३	पूँजीगत खर्च	१३१५४२९३४.५२
राजश्व बाँडफाँट	६२६९५२१५.९९	वित्तीय/अन्य व्यवस्था	१२३२१३४३०.०७
आन्तरिक आय	२७६१७९४.९४		
अन्य आय	१२३२९४३४२.२७		
कुल आय	४९८१७८२२४.०४	कुल खर्च	४९६२०३१७४.१७
बाँकी मौज्दात		१९४६१३५७.९७	

अनुसूची - २

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण नगरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षण गरी प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।